का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ वैशाख २०८१,
आइतबार
21 April 2024,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २२, अंक ६८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



### ओलीको राजनीतिक प्रतिवेदन

# राजतन्त्र र रास्वपामाथि प्रहार

**रास्वपालाई पपुलिष्ट शक्तिको संज्ञा दिएका एमाले अध्यक्ष केपी शर्मा ओलीले राप्रपाको संसद्मा उपस्थिति बढ्नु राजनीतिक अस्थिरतासँग जोडेका छन् ।**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ८ वैशाख ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले राजतन्त्र पक्षधर शक्तिहरुको कठोर आलोचना गरेका छन् । शनिबार ललितपुरको गोदावरीमा सुरु भएको राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठकमा राजनीतिक प्रतिवेदन पेश गर्दै अध्यक्ष राजतन्त्रसँगै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) माथि प्रहार गरेका छन् । संसदमा चौथो दलको हैसियतमा रहेको रास्वपालाई एमाले अध्यक्ष ओलीले पपुलिष्ट शक्तिको संज्ञा दिएका छन् । रास्वपालाई पपुलिष्ट शक्तिको संज्ञा दिएका अध्यक्ष ओलीले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को संसदमा उपस्थिति बढ्नु समेतलाई राजनीतिक अस्थिरतासँग जोडेका छन् । जबकि गत चुनावमा एमाले र राप्रपाले तालमेल गरेका थिए । अहिले पनि एमाले विभिन्न प्रदेश सरकार निर्माणमा राप्रपाको साथ खोजिरहेको छ ।

यही बेला ल्याएको राजनीतिक प्रतिवेदनमा एमाले अध्यक्ष ओलीले राप्रपालाई दक्षिणपन्थी दलको रुपमा ब्याख्या गर्दै राप्रपा वैकल्पिक राजनीतिक शक्ति हुन नसक्ने टिप्पणी गरे ।

रास्वपा र राप्रपालाई एकठाउँ राख्ने पर्यास गर्दै ओलीले गत निर्वाचनमा प्रियतावादी अथवा पपुलिष्ट शक्तिको उदय र परम्परावादी दक्षिणपन्थी दलको शक्ति बिस्तार नयाँ र विवेचनीय घटनाका रूपमा रहेको उल्लेख गरेका छन् । अध्यक्ष ओलीले लेखेका छन्, 'निर्वाचनमा प्रियतावादी 'पपुलिष्ट' शक्तिको उदय र परम्परावादी दक्षिणपन्थी दल (राप्रपा)को शक्ति बिस्तार नयाँ र विवेचनीय घटनाका रूपमा रहेका छन् ।' राप्रपाप्रति लक्षित गर्दै ओलीले 'जन्मजात श्रेष्ठतालाई बोक्ने, आफ्नै अयोग्यता, कमजोरीका कारण जनताबाट विस्थापित राजतन्त्रलाई फर्काउन खोज्ने प्रयास सफल हुने कुनै सम्भावना नभएको' उल्लेख गरेका छन् ।

तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) विभाजन, त्यसयताको राजनीतिक घटनाक्रम, एमालेको आन्तरिक गतिविधि लगायतलाई शिलशिलाबद्ध रुपमा समेटेका अध्यक्ष ओलीले जनताको आशा र भरोसालाई आफ्नो पार्टीले सम्बोधन गर्ने दृढता व्यक्त गरे । राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठकमा महासचिव शंकर पोखरेलले सांगठानिक प्रतिवेदन पेश गरेका छन् । उक्त बैठकमा केन्द्रीय सदस्यसहित दुई हजार ४५४ जना प्रतिनिधिहरु सहभागी छन् ।



निर्वाचनमा प्रियतावादी 'पपुलिष्ट' शक्तिको उदय र परम्परावादी दक्षिणपन्थी दल (राप्रपा) को शक्ति विस्तार नयाँ र विवेचनीय घटनाका रूपमा रहेका छन् ।

**केपी ओली**
**अध्यक्ष, एमाले**

## समाजवादी मोर्चामा अरुची

एमालेका नेताहरु राजनीतिक प्रतिवेदनको सार- अन्य पार्टीहरुसँग एकता वा ध्रुवीकरण नभइ एमालेमा प्रवेश गर्नेहरुका सन्दर्भमा स्वागत गर्न तयार गर्ने प्रष्ट सन्देश रहेको बताउँछन् ।

एमाले अध्यक्ष ओलीले राजनीतिक प्रतिवेदन मार्फत् समाजवादी मोर्चा वा वामपन्थी ध्रुवीकरण तत्काल रुचि नरहेको सन्देश दिएका छन् । हाल सरकारमा रहेका माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी र सरमारमा रहेको नेत्रविक्रम चन्द नेतृत्वको पार्टी समाजवादी मोर्चामा छ ।

चार दलीय समाजवादी मोर्चाले मोर्चावन्दी गर्दै वामपन्थी ध्रविकरण र एकतासम्मको विषय अगाडि बढाएको छ । समाजवादी मोर्चाले सरकारमा आएपछि एमालेलाई समेत सामेल हुन आग्रह गर्दै आएको छ । मोर्चाको संयोजकमा हाल विप्लव छन् । उनले एमालेलाई पत्र नै लेखेर मोर्चामा सहभागिताका लागि आग्रह गरेका छन् ।

तर, राजनीतिक प्रतिवेदनमार्फत ओलीले तत्काल आफ्नो पार्टी समाजवादी मोर्चा वा वामपन्थी ध्रुवीकरण लागि तयार नरहेको सन्देश दिएका हुन् । पृष्ठ २ मा


## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## बढ्यो घरजग्गा कारोबार

**मनीषा अवस्थी/मध्यान्ह**
काठमाडौं, ८ वैशाख ।

कोरोना महामारीसँगै ठप्प बनेको घरजग्गाका कारोबार बिस्तारै बढ्न थालेको छ । अर्थतन्त्रमा मत्वपूर्ण हिस्सा ओगटेको घरजग्गा कारोबार बढ्न थालेपछि अर्थतन्त्रमा नै सकारात्मक सञ्चार पैदा भएको ब्याख्या हुन थालेको छ ।

नेपाली अर्थतन्त्रमा पछिल्ला २ वर्ष भएको मन्दी चर्चामा घरजग्गाको मुख्य भूमिका रहेको अर्थविद्हरू बताउँछन् । अर्थविद् लक्ष्मीप्रपन्न निरौला भन्छन्, 'राजस्व संकलनका हिसाबले त्यतिठूलो नभए पनि नेपालको औपचारिक अर्थतन्त्रमा अनौपचारिक तरिकाले खेल्ने घरजग्गा क्षेत्र नै हो ।' उनको बुझाइमा नेपाली बैंक तथा वित्तीय क्षेत्रको पूँजीको सबैभन्दा ठूलो हिस्सा चलाउने क्षेत्र नै घरजग्गा भएकाले अर्थतन्त्रमा घरजग्गाको ठूलो योगदान छ ।

'कोरोना महामारीपछि लामो समय बैंकिङ बजारमा तरलताको उच्च संकट भयो । त्यो रकमको अधिकांश हिस्सा घरजग्गामा गएर फस्यो' निरौला भन्छन्, 'अनि अहिले बजारमा अधिक तरलता छ । यसको अर्थ पनि घरजग्गामा पहिलाजस्तो लगानी छैन । यसले ठ्याक्कै थाहा हुन्छ । हाम्रो वित्तीय क्षेत्र चलाउने नै घरजग्गाले हो ।' अर्थतन्त्र नै घरजग्गामा निर्भर हुँदा निकट भविष्यमा समस्या आउन सक्नेतर्फ पनि उनले चिन्ता ब्यक्त गरेका छन् ।

> **चालु आर्थिक वर्षको तीन त्रैमासिकमा घरजग्गा कारोबारमा केही सुधार भएको देखिन्छ । जसका कारण सरकारको राजस्व संकलनमा पनि वृद्धि भएको छ ।**

चालू आर्थिक वर्षको तीन त्रैमासिकमा घरजग्गा कारोबारमा केही सुधार भएको देखिन्छ । जसका कारण सरकारको राजस्व संकलनमा पनि बृद्धि भएको छ । चैत महिनामा तीन अर्ब ९४ करोड ८१ लाख रूपैयाँ संकलन भएको तथ्यांक छ । भूमी व्यवस्था तथा अभिलेख विभागको तथ्यांअनुसार पछिल्लो तीन महिनायता घरजग्गाको कारोबारमा सामान्य सुधार हुँदै क्रमश: राजस्वमा पनि बृद्धि भएको छ ।

गत माघमा सरकारले घरजग्गा कारोबारबाट तीन अर्ब ३७ करोड ५७ लाख रूपैयाँ संकलन गरेको थियो भने फागुन महिनामा तीन अर्ब ५९ करोड २६ लाख रूपैयाँ राजस्व संकलन भएको थियो ।

यसरी चैतमा फागुन महिनाभन्दा ३५ करोडले रुपियाँले बढेको रुपियाँले बढेको भूमि व्यवस्थापन तथा अभिलेख विभागले जनाएको छ । विभागका अनुसार फागुन महिनाको तुलनामा चैत महिनामा ३५ करोडले राजस्व बृद्धि भएको देखिन्छ ।

चैत महिनामा कुल ५० हजार २५२ वटा लिखत पारित भएको छ भने पाँच हजार ८८६ वटा नामसारी भएको छ । यस्तै ११ हजार २५० वटा संशोधन हुँदा ३९ हजार ८२२ जग्गा रोक्का भएको छ । यसै गरी २ ९ हजार २४७ फुकुवा र ४४४ जग्गा पृष्ठ २ मा




## आगलागीबाट एकै वर्षमा १०६ को मृत्यु

### दुई अर्ब ५२ करोड ६८ लाख आर्थिक क्षति

**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार, गत वर्ष आगलागीका कारण दुई अर्ब ५२ करोड ६८ लाख बराबरको क्षति भएको छ ।**



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ वैशाख ।

आगलागीबाट गत वर्ष १०६ को मृत्यु भएको छ । गृह मन्त्रालयको तथ्याङ्कअनुसार २०८० सालको बाह्र महिनामा आगलागीका ४ हजार ६१ वटा घटना भएका थिए । जसमा १०६ को मृत्यु भएको थियो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार गत वर्ष आगलागीका कारण दुई अर्ब ५२ करोड ६८ लाख बराबरको क्षति पृष्ठ २ मा

### अर्घाखाँची र गुल्मीको आगो नियन्त्रणमा आएन

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाची, ८ वैशाख ।

अर्घाखाँची र गुल्मीका विभिन्न क्षेत्रमा दुई दिनदेखि आगो फैलिरहेको छ । अर्घाखाँचीको भूमिकास्थान नगरपालिकाको धारापानीको रातामाटा, बाभ्राखर्क, जामुनडाँडा र फलामखिल्जीको गाउँमा आगलागी भएको छ ।

स्थानीय हरिप्रसाद भुसालका अनुसार आगलागीमा मानविय क्षति नभएपनि पशुचौपाया परेका छन् । जिल्ला प्रहरी पृष्ठ २ मा

### पर्सामा गहुँबाली जलेर नष्ट

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, ८ वैशाख ।

पर्सामा आगलागी हुँदा गहुँबाली जलेर नष्ट भएको छ । सिमावर्ती छिपहरमाई गाउँपालिकाको वडा नं. १ भलुवहियामा आगलागी हुँदा किसान मुनिलाल राउत अहउरका २५ कट्ठा, ताराचन साह तेलीको १५ कट्ठा, अर्जुन यादवको १२ कट्ठा, साहेव पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

**चैतमा बढी कमादार पठाउनेमा इन्टरनेशनल पहिलो, नीलकमल दोस्रो र एसओएस तेस्रो**

## मलेसिया कामदार पठाउने म्यानपावरहरु अग्रस्थानमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ वैशाख

चैत महिनामा मलेसिया कामदार पठाउने म्यानपावर कम्पनीहरू अग्रस्थानमा देखिएका छन् । चैतमा ७ सय ७८ म्यानपावर कम्पनीले ३३ हजार ३ सय ६९ नयाँ कामदार पठाएका थिए । ७९ म्यानपावर कम्पनीले न्यूनतम एक सय र त्यसभन्दा बढी कामदार पठाउन श्रम स्वीकृति लिएका छन् । मलेसियामा कामदार पठाउँदै आएको इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि. ८ सय ५३ जना कामदारको श्रम स्वीकृति लिएर धेरै कामदार पठाउने म्यानपावर कम्पनीको पहिलो स्थानमा रहेको छ ।

मलेसिया सरकारले सन् २०२४ को मे ३१ तारिकसम्म यसअघि एप्रुभल लिएका डिमाण्डमा विदेशी कामदार ल्याइसक्न रोजगारदाताहरूलाई समयसीमा तोकेका कारण चैत महिनामा मलेसिया जाने कामदारको संख्या अन्य महिनाको तुलनामा धेरै देखिएको र वैशाख महिनादेखि मलेसिया जाने नेपाली कामदारको संख्यामा ठूलो कतौती हुने बताइएको छ ।

मलेसियाका रेष्टुरेन्ट व्यवसायी तथा मझौला रोजगारदाताहरूले हाल एप्रुभल पाएका विदेशी कामदार कम्तीमा आगामी सेप्टेम्बर अन्तिमसम्म ल्याउन दिनुपर्ने माग गरेका छन् । मलेसियास्थित नेपाली दूतावासले मागपत्र प्रमाणीकरणको कार्य गत मार्च ५ तारिकदेखि नै रोकेको थियो । नेपाली दूतावासले तोकिएको अवधिमा नेपालबाट कामदार आउन नसक्ने अनुमानका आधारमा सेक्युरिटी गार्डबाहेक अन्य क्षेत्रको मागपत्र प्रमाणीकरण रोकेको हो । मलेसियामा विदेशी कामदारको संख्या बढाउन नदिने बारेमा राष्ट्रियस्तरमै छलफल भइरहेको छ । यस्तै चैतमा सबैभन्दा बढी पृष्ठ २ मा


## Urgently Required

One of the reputed recruitment agency is seeking for following applicants.

| | |
|---|---|
| P.R.O. | - 5 (Male) |
| Manager | - 2 (Male/Female) |
| Accountant | - 1 (Male/Female) |
| Reception | - 1 (Female) |
| Office Secretary | - 2 (Female) |

SALARY Negotiable

Requirements:
Minimum 2 Years experienced in the related fields.

Attractice salary for the deserving candidate.

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph to the following address.*
Prority will be given for manpower Experienced.

Young Manpower Pvt. Ltd.
P.Box: 26144, Battisputali-9, Kathamandu, Tel: 4583814, 4583815, 4583816, 4583817
Email:youngmanpower123@gmail.com. Mobile No: 9864222963
Govt Lic. No. 1047/073/074

### विश्व पृथ्वी दिवस

# प्लाष्टिकको अधिक प्रयोगले वातावरणमा बढ्दो असर

**लेखनाथ सिकारु/मध्यान्ह**
काठमाडौं, ८ वैशाख

विश्व पृथ्वी दिवस २०२४ को उपलक्ष्यमा स्वयम्भू परिसरमा सरसफाइ गरिएको छ । विश्व सम्पदा सूचीमा रहेका तीन वटा पुरातात्विक सम्पदाहरुको सरसफाइ कार्यक्रम अन्तर्गत शनिबार युनिभर्सल पिस स्यान्चुरीमार्फत विभिन्न संघसंस्था तथा समाजको विभिन्न क्षेत्रका व्यक्ति व्यक्तित्वहरुको सहभागीतामा स्वयम्भू परिसरमा सरसफाइ गरिएको हो ।

कार्यक्रममा युनिभर्सल पिस स्यान्चुरी तथा श्याल्पो गुम्बाका गुरू श्याल्पा रिन्पोछे, नेपाल सरकारका पूर्व मुख्य सचिव, पूर्व राजदूत एवं लिलामणी पौडेल, काठमाडौं महानगरपालिका १५ का वडा अध्यक्ष ईश्वरमान डंगोल, वडा सदस्य विजु श्रेष्ठ, युनिभर्सल पिस स्यान्चुरीको तर्फबाट सरसफाइ कार्यक्रमका संयोजक छोईङ देचेन, फोहर मैला व्यवस्थापन संघका महासचिव, परिवर्तन सेवा प्रा.लि का प्रबन्धक मित्र प्रसाद घिमिरे, क्लिन इट अपसाइक्लर्सका प्रमुख कार्यकारी अधिकृत शशी किरण थापा, बागमती अभियान किशोर शाही, श्याल्पो गुन्बाका भिच्छुहरु, नेपालस्थित अमेरिकी दूतावासका प्रतिनिधित्व



व्यक्तिहरुसहित युवा अभियन्ताहरुको सहभागिता रहेको थियो । आइतबार पशुपतिनाथ मन्दिर परिसर र सोमबार बौद्ध मन्दिर परिसर सफाइ गरिने अभियानका समन्वयकर्ता नविन विकास महर्जनले जानकारी दिए ।

विश्व पृथ्वी दिवस २०२४ मा यस पटकको नारा पनि पृथ्वी र प्लाष्टिक राखिएको छ । नेपालमा पनि प्लाष्टिकको अधिक प्रयोगले वातावरणमा धेरै असर प्रभाव परेको, फोहोरमा अत्याधिक मात्रामा प्लाष्टिकको मिश्रणले फोहोर व्यवस्थापन कार्य समेत चुनौतीपूर्ण बन्दै गइरहेको जनाउँदै अभियानले यस्ता विषयमा समेत सचेतना अभियान संचालन गर्ने जनाएको छ । पृथ्वी दिवस विश्वमा २२ अप्रिलको दिन मनाइन्छ। यो एउटा दिवस हो, जसलाई पृथ्वीको पर्यावरणको बारेमा प्रसंशा र जागरूकतालाई प्रेरित गर्न निर्धारण गरिएको हो । यो दिवस प्रत्येक वर्ष १९२ भन्दा बढी राष्ट्रहरूमा मनाइन्छ ।

सन् १९६९ अमेरीकाको सान फ्रान्सस्किोमा युनेस्कोको सम्मेलनमा शान्ति कार्यकर्ता जोन म्याक कोनेलले १९७० मा उत्तरी गोलार्द्धको बसन्त ऋतुको पहिलो दिन मार्च २१ बाट मनाउने गरी पृथ्वीको सम्मान तथा शान्तिको अवधारणाको लागि एक दिनको माग गरेका थिए । पछि अमेरिकी सीनेटर गेलर्ड नेल्सनले सन् १९७० मा पर्यावरण शिक्षाको रूपमा एक छुट्टै पृथ्वी दिवसको सुरुवात गरे । त्यसदिन देखि आजसम्म प्रत्येक वर्षको अप्रिल २२ तारिखका दिन संसारभरी नै विश्व पृथ्वी दिवस मनाउन थालिएको हो । सन् १९९२ मा ब्राजिलको रियो दी जेनेरीयोमा सम्पन्न पृथ्वी सम्मेलनले पृथ्वी दिवसको आवश्यकतालाई अझ धेरै प्रेरणात्मक सहयोग पुऱ्याएको थियो । त्यसपछि सन् २००९ मा राष्ट्र संघको ६३ औं महासभा बैठकले अप्रिल २२ को दिनलाई विश्व पृथ्वी दिवसका रूपमा मनाउने निणर्य गरेको हो ।

# राजापुर नगरलाई पोषणमैत्री बनाउन अभियान सञ्चालन गरिँदै

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ८ वैशाख

बर्दियाको राजापुर नगरपालिकामा 'पोषणमैत्री स्थानीय सरकार' विषयक कार्यशाला सम्पन्न भएको छ ।

'सशक्त बालिका परियोजना' अन्तर्गत राजापुर नगरपालिकाको आयोजना तथा प्लान नेपाल र राधाकृष्ण थारु जनसेवा केन्द्रको सहकार्यमा कार्यशाला सम्पन्न भएको हो ।

२०८७ साल सम्ममा देशका सबै स्थानीय तहलाई पोषणमैत्री स्थानीय तह घोषणा गर्ने नेपाल सरकारको लक्ष्यलाई सफल बनाउन राजापुर नगरपालिकाले साझेदार संघ संस्थाहरुको सहकार्यमा आफ्नो मातहतका सबै स्वास्थ्य संस्थाहरुलाई 'पोषणमैत्री स्वास्थ्य संस्था' बनाउँदै नगरलाई नै पोषण मैत्री बनाउने अभियान सञ्चालन गर्नुपूर्व कार्यशालाको आयोजना गरिएको हो । पालिकामा भएका सम्पूर्ण बालबालिका पोषणको चपेटामा नपरी बालबालिकाहरुलाई पोषणरहित समाजमा बस्ने अवसर प्रदान गर्ने वातावरण निर्माणका लागि कार्यशालाले सघाउ पुऱ्याउने प्लान नेपालका प्राविधिक सल्लाहकार किरण भण्डारीले बताए ।

कार्यशालामा आधारभूत पोषण तथा यसका विभिन्न आयामका बारेमा जानकारी गराउँदै बहुक्षेत्रीय पोषण योजनाको अवधारणा तथा यसमा विषयगत क्षेत्रको भूमिका र पोषणमैत्री स्थानीय तह घोषणाको लागि पूरा गर्नुपर्ने विभिन्न ७ विषयगत क्षेत्रका ७६ वटा सूचकका बारेमा चर्चा गरिएको थियो ।

नगरभित्रका ५ वर्ष मुनीका बालबालिकाको पोषणको अवस्थाको लेखाजोखा गर्दै सुधारात्मक रुपमा अगाडि बढी पालिकालाई पोषणमैत्री बनाउन कार्यशालामा चर्चा गरिएका विषयवस्तुले सहयोग पुऱ्याउने राजापुर नगरपालिका स्वास्थ्य शाखा प्रमुख गणेश अर्यालले बताए ।

सानो भनेर वास्ता नगरिएको कुराले समाजमा दुरगामी प्रभाव पर्ने बताउँदै राजापुर नगरपालिकाका सामाजिक विकास समितिका संयोजक एवम् वडा नं.५ का वडा अध्यक्ष रमेश दहितले बालबालिकाको भविष्य नै नगरपालिकाको भविष्य भएकाले नगरपालिकाको नीति तथा कार्यक्रममा पोषणको विषयलाई प्राथमिकताका साथ समावेश गरिनुपर्ने बताए ।

राजापुर नगरपालिकाका प्रमुख दिपेश थारु, १० वटै वडाका वडाध्यक्ष तथा सचिवहरु, विषयगत शाखाका शाखाप्रमुखहरु, पालिका भित्र रहेका स्वास्थ्य चौकीका प्रमुखहरु, प्लान नेपाल र राधाकृष्ण थारु जनसेवा केन्द्रको साझेदारीमा सञ्चालित सशक्त बालिका परियोजनाका परियोजना संयोजक मनोज पौडेल लगायतको उपस्थिति रहेको थियो । कार्यशालाको सहजीकरण प्लान नेपालका प्राविधिक सल्लाहकार किरण भण्डारीले गरेका थिए ।

## समाजवादी ...

उनले लेखेका छन्, '..यति नै बेला निश्चित दल, विचार या शक्तिलाई निषेध गर्ने गरी अगाडि बढाइने वामपन्थी एकता या समाजवादी ध्रुवीकरण उचित, व्यवहारिक र लाभदायी हुँदैन ।' तथापि, सहकार्य गहिरो हुँदै जाँदा र विश्वासको वातावरण निर्माण भए आगामी दिनमा एकै ठाउँ हुन सक्ने ओलीको सन्देश छ ।

यसलाई एमालेका नेताहरु पार्टी एकता वा ध्रुवीकरण नभइ एमालेमा प्रवेश गर्नेहरुका सन्दर्भमा स्वागत गर्न तयार रहेको अध्यक्षको राजनीतिक प्रतिवेदनको सार रहेको बताउँछन् ।

## बढ्यो...

बाँडफाँट भएको छ । घरजग्गाको कारोबारमा सामान्य सुधार भएसँगै राजस्व सङ्कलनमा वृद्धि भएको हो । चालु आर्थिक वर्षका ९ महिनामा सरकारले देशभरीका मालपोत कार्यालयबाट २९ अर्ब १९ करोड ३६ लाख ६९ हजार रूपैयाँ राजश्व संकलन गरेको हो ।

देशभरका १ सय ३१ वटा मालपोत कार्यालयबाट भएको कारोबारमा रजिष्ट्रेसन दस्तुर, पुँजीगत लाभकर बापत, सेवा करबापत विलम्ब शुल्क लगायतका अन्य विभिन्न सेवामार्फत राजश्व संकलन हुने गर्छ । आर्थिक वर्ष २०७६/७७ मा कुल ३४ अर्ब ६८ करोड रुपैयाँ राजश्व संकलन भएको थियो ।

नेपालमा घरजग्गासम्बन्धि कारोबारहरु पुरै अनौपचारिक माध्यमबाट हुने गरेको एक अध्ययनले देखाएको छ । त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागले गरेको अध्ययनले ९९.९७ प्रतिशत रियल इस्टेटसम्बन्धि कारोबार अनौपचारिक रहेको देखाएको हो ।

गत वर्षको उक तथ्यांकले नेपालमा ०.३ प्रतिशतमात्र घरजग्गासम्बन्धि कारोबार मात्रै औपचारिक माध्यमबाट हुने गरेको पाइएको छ । अनौपचारिक अर्थतन्त्रको चर्चा भइरहेको बेला सबैभन्दा धेरै अनौपचारिक कारोबार हुनेमा रियल इस्टेट तथा घरजग्गा क्षेत्र पहिलो बनेको छ । लाइसेन्स लिएका कम्पनीहरूले निकै कम मात्रै कारोबार गर्ने गरको छ । व्यक्तिगत रुपमा बढी घरजग्गा सम्बन्धि कारोबार हुने गरेको छ ।

पद्धिछल्लो एक तथ्यांमअनुसार हाल जीडीपीमा घरजग्गा क्षेत्रले लगभग १० प्रतिशत योगदान दिएको छ । राष्ट्रिय लेखा बिधिअनुसार आर्थिक वर्ष २०१०/०११ देखि २०२०/०२१ सम्म औसतमा ४२.६६ प्रतिशत अनौपचारिक अर्थतन्त्र रहेको छ ।

## आगलागीबाट...

भएको छ। २०८१ साल वैशाखमा पनि आगलागीका घटनाहरु भइरहेका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार वैशाख महिनामा आगलागीका घटनाहरु धेरै हुने सम्भावना रहन्छ । यस अनुसार क्षति कम गर्नका लागि आवश्यक पूर्व तयारी गरिएको छ।

## अर्घाखाँची...

कार्यालयका अनुसार आगो चारैतिर फैलिएको छ । क्षतिको यकिन तथ्यांक आउन सकेको छैन। आगो निभाउने प्रयास भइरहेको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका सूचना अधिकारी प्रहरी निरीक्षक दिपेन्द्र रावलले जानकारी दिए ।

प्रहरीका अनुसार आगो नियन्त्रण गर्नका लागि स्थानीय, नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी, डिभिजन बन कार्यालयको टोली, राजनीतिक दलका नेता/कार्यकर्ताहरु परिचालित भएका छन् ।

यसैगरी, गुल्मीका विभिन्न स्थानमा दुई दिनदेखि आगलागी हुँदा सरकारी सम्पत्तिसहित करोडौंको क्षति भएको स्थानीयले बताएका छन् ।

शुक्रबार दिउँसो गुल्मीदरबार गाउँपालिका-३ र ४ को बीचमा पर्ने जंगलमा आगलागी हुँदा नेपाल विद्युत प्राधिकरणको वीरबास सवस्टेशनको स्टोर जलेर दुई करोडभन्दा बढीको इलेक्ट्रोनिक्स सामग्री नष्ट भएको विद्युत प्राधिकरण गुल्मी वितरण केन्द्रका प्रमुख अर्जुन पोखरेलले जानकारी दिए । शनिबार हावाहुरीसँगै गुल्मी जिल्लाका विभिन्न पालिकाका विभिन्न स्थानमा आगलागीका घटना हुँदा दर्जनौं घर जलेर नष्ट भए। जिल्ला प्रहरी कार्यालय गुल्मीका अनुसार इस्मा गाउँपालिका- २ को रानीवन सामुदायिक वनमा लागेको आगो सिदुङ्गा र हाँडिखोला समेतको गरी १५ वटा घरगोठ जलेका छन् ।

## पर्सामा...

राउत अहिर, जुगुल यादव, विश्वनाथ यादव लगायत किसानका खेतमा लगाइएको करिब दश विगहा भन्दा बढी क्षेत्रको गहुँबाली जलेर नष्ट भएको हो ।

चार घर पनि जलेर नष्ट भएको छ । आगलागीबाट विरेन्द्र यादव, विसनुदेव हजरा, मुकेश यादवको घर जलेर नष्ट भएको हो । आगलागीबाट करिब दश बिगहा भन्दा बढी खेतमा लगाइएको गहुँबाली समेत जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

स्थानीय प्रहरी चौकी मिर्जापुरका प्रहरी सहायक निरीक्षक मुकेश यादवको टोली पुगेर क्षतिको विवरण संकलन गरेको थियो । प्रहरी निरीक्षक यादवका अनुसार आगलागीमा कुखुरा फर्म, कुखुराको चल्ला २ हजार र दाना समेत जलेको छ। यस्तै, स्थानीय विसुनुदेव हजराको २ लाख, मुकेश हजराको १ लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

## चैतमा...

कामदार पठाउने म्यानपावरको दोस्रो नम्बरमा नीलकमल ह्युमन रिसोर्स प्रा.लि. परेको छ। सो प्रा.लि.ले चैतमा ७१६ जना कामदार पठाएको छ भने तेस्रो नम्बरमा एसओएस म्यानपावर सर्भिस प्रा.लि. रहेको छ । एसएएसले चैतमा ६०७ जना कामदार पठाएको छ। यसैगरी ६०१ जना कामदार पठाएर आकर्षण इन्टरनेशनल प्रा.लि. चैतमा बढी कामदार पठाउनेको सूचीमा चौथो र ४२९ जना कामदार पठाएर प्याराडाइज इन्टरनेशनल प्रा.लि. पाँचौं नम्बरमा परेको छ ।

**चैतमा धेरै कामदार पठाउने म्यानपावरहरु :**

इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.- ८५३
नीलकमल ह्युमन रिसोर्स प्रा.लि.- ७१६
एसओएस म्यानपावर सर्भिस प्रा.लि.- ६०७
आकर्षण इन्टरनेशनल प्रा.लि.- ६०१
प्याराडाइज इन्टरनेशनल प्रा.लि.- ४२९
सपोर्ट ह्युमन रिसोर्स प्रा.लि.- ३७९
दि रिभर ओभरसिज प्रा.लि.- ३९५
अल जाहरा ह्युमन रिसोर्स कन्सल्ट्यान्सी प्रा.लि.- ३७२
साउण्डलाइन्स रिक्रुटमेन्ट प्रा.लि.- ३४९
मास ह्युमन रिसोर्स प्रा.लि.- ३०३
बज्र ह्युमन रिसोर्स प्रा.लि.- ३००
काबेली ह्युमन रिसोर्स प्रा.लि.- २९८
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.- २९७
गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा.लि.- २९६
इन्डेक्स रिक्रुटमेन्ट प्रा.लि.- २७३
लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा.लि.-२६७
इम्पावर ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.- २६१
सप्तकोशी ह्युमन रिसोर्स प्रा.लि.- २४४
एड्भान्स म्यानेजमेन्ट कन्सल्ट प्रा.लि.- २४१
डिएन म्यानपावर प्रा.लि.- २३४
नाइस रिक्रुटमेन्ट एजेन्सी प्रा.लि.- २२५
विज्ञान एच आर म्यानेजमेन्ट प्रा.लि.- २१५
ओशो रिक्रुटिङ एजेन्सी प्रा.लि.- २०६
एचएमटी ओभरसिज प्रा.लि.- २००
फ्रन्टलाइन रिक्रुटमेन्ट प्रा.लि.- १९७
जब सिकर म्यानपावर प्रा.लि.- १९७
थिंक बिज इन्टरनेशनल प्रा.लि.- १८६
ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.- १८५
एबिसी प्लेसमेन्ट प्रा.लि.- १८०
द सेन्टर ओभरसिज प्रा.लि.- १७७
शिखर इन्टरनेशनल मेनपावर सर्भिस प्रा.लि.- १७५
अञ्जली ओभरसिज सर्भिस प्रा.लि.- १७३
वाहा म्यानपावर सप्लायर्स प्रा.लि.- १७२
सागर रिक्रुटमेन्ट प्रा.लि.- १६९
वीन रिक्रुटमेन्ट प्रा.लि.- १६७
नेपाल एचआर सोलुसन प्रा.लि.- १६६
वल्ड नेट रिक्रुटमेन्ट प्रा.लि.- १६६
अल समिट मेनपावर प्रा.लि.- १६५
रोयल इन्टरनेशनल ओभरसिज प्रा.लि.- १६३
गल्फ म्यानेजमेन्ट इन्टरनेशनल प्रा.लि.- १५७
गल्फ स्काई इन्टरनेशनल प्रा.लि.- १५७
ब्रोदर इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.- १५६
एससीसी म्यानपावर कम्पनी प्रा.लि.- १५६
स्काई स्टार रिक्रुटमेन्ट प्रा.लि.- १५३
साहरा इन्टरनेशनल प्रा.लि.- १५१
एशिया लिंक सर्भिस प्रा.लि.- १४८
गाइडलाइन रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १४८
मनास्लु इन्टरनेशनल सर्भिस प्रा.लि.- १४७
ग्रोथ प्रोसेस इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.- १४०
चन्द्रकामना म्यानपावर प्रा.लि.- १३७
सान नेपाल प्रा.लि.- १३५
बिएस ओभरसिज प्रा.लि.- १३५
रोटरी ओभरसिज प्रा.लि.- १३५
वर्ल्ड वाइड इम्प्लोइमेन्ट प्रा.लि.- १३३
ग्रेस ओभरसिज प्रा.लि.- १३३
हमदान ग्लोबल प्रा.लि.- १३२
थ्री ब्रोदर्स ह्युमन रिसोर्स प्रा.लि.- १३०
ओमेगा इन्टरनेशनल प्रा.लि.- १२९
अञ्जुलिमा इन्टरनेशनल प्रा.लि.- १२८
ब्लु ओसन ओभरसिज प्रा.लि.- १२५
अल अयुनी ओभरसिज सर्भिस प्रा.लि.- १२४
मोभिरा रिक्रुटमेन्ट कन्सल्ट्यान्सी सर्भिस प्रा.लि.- १२४
डिके रिभर ओभरसिज प्रा.लि.- १२३
एयर किङ्स प्लेसमेन्ट प्रा.लि.- १२२
पर्फेक्ट रिक्रुटिङ सर्भिस प्रा.लि.- १२२
आर बी ओभरसिज प्रा.लि.- १२०
अल आक्समास कम्पनी प्रा.लि.- ११७
बेष्ट रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- ११६
ब्राइट स्टार ह्युमन रिसोर्स प्रा.लि.- ११६
अल एशिया ओभरसिज प्रा.लि.- ११३
पशुपति एचआर सोलुसन प्रा.लि.- ११२
जनशक्ति इन्टरनेशनल सर्भिस प्रा.लि.- १११
डमरू रिसोर्स प्रा.लि.- १०९
लक्की ओभरसिज प्रा.लि.- १०९
एक्सेस पार्ट्नर्स पा.लि.- १०७
राज ओभरसिज प्रा.लि.- १०६
लगइन इन्टरनेशनल ओभरसिज रिक्रुटमेन्ट प्रा.लि.- १०५
मदरल्याण्ड ओभरसिज सर्भिस प्रा.लि.- १०३
सगरमाथा इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.- १०२


## बेलका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**रामपुर, उदयपुर**
**कोशी प्रदेश, नेपाल**
**२०७३**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**मितिः २०८१/०१/०९**

यस नगरपालिकाले चालु आर्थिक बर्ष २०८०/२०८१ मा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन्, संकलन तथा विक्री कर उठाउने सम्बन्धी बोलपत्र आह्वानको सूचना बमोजिम पेश हुन आएका बोलपत्रहरु खोली मूल्याङ्कन गर्दा निम्न बोलपत्र सारभूत रुपमा प्रभावग्राही अधिकतम मूल्याङ्कित भई बोलपत्र मूल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैमा यो ७ (सात) दिने बोलपत्र स्विकृत गर्ने आशयको सूचना प्रकाशित गरीएको छ ।

**निम्न**

| क्र.सं. | ठेक्का नम्बर | बोलपत्रको नाम | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम रु (मू.अ.कर सहित) |
|---|---|---|---|---|
| १ | 03/BELAKA/REVENUE/NCB/GO/2080-081 | यशोदा खोला (वडा नं. ३ र ९) र मुर्ति खोला (वडा नं. ३ र ६) क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् | गहतराज निर्माण सेवा प्रा.लि. बेलका-९, उदयपुर | ३७,४०,१८७.०० |

**प्रमुख प्रशासकीय अधिकृत**



### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/१०/१३ मा दर्ता भएको **प्रा.लि.नं. २८२४१६/०७८/०७९** को **फील द केक प्रा.लि**. को मिति २०८१/०१/०८ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**



## UAE मा वैदेशिक रोजगारको अवसर

**कम्पनीः MMH SECURITY SERVICES** — **शहरः Dubai**
पूर्व स्वीकृत मितिः २०८१/०१/०८ — चलानी नं.: ६०२१८४०१ — **LT. No.: 303674**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 0 | स. काममा दक्ष | 1200 | ४३,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख १६ र १७ गते (28 & 29 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RGC RAJ GROUP OF COMPANIES
License No.:1245/074/075

**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com



## Belaka Municipality
## Office of Municipal Executive
**Rampur, Udayapur**
**Koshi Province, Nepal**
**2073**

### Invitation for Sealed Quotation

**Second Date of Publication: April 21, 2024 (2081.01.09)**

1. Belaka Municipality, Rampur Udayapur invites electronic bids from eligible bidders for the following goods.

| S.N. | Contract Identification Number | Description of Work/Goods | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Remarks |
|---|---|---|---|---|---|
| 1 | 04/BELAKA/SQ/GO/2080-081 | Procurement and Supply of Electronic Centrifugal Water Motor. | 36,000.00 | 1,000.00 | Sealed Quotation |

2. Date, time and place of bid submission and opening.

| | |
|---|---|
| Deadline for bid submission | May 06, 2024 (2081.01.24) till 12:00 hours |
| Date, time and place of bid opening | May 06, 2024 (2081.01.24) till 13:00 hours at Belaka Municipality, Rampur, Udayapur |
| 1. Bank Account details for bid document fee | System Account Name: Belaka Na.Pa- Antarik Rajashwa Khata Ga 1.1<br>Account no.: 0770040274200007<br>Name of Bank: Kumari Bank Limited, Belaka Branch<br>Rajaswa (revenue) Shirshak no: 14219 |
| Account details for bid security amount | System Account Name: Belaka Na. Pa- Dharauti Khata Ga-3<br>Account no.: 0770040274200004<br>Name of Bank: Kumari Bank Limited, Belaka Branch |

3. Interested eligible bidders may obtain further information from Belaka Municipality, Rampur, Udayapur at office hours or may visit E-procurement section of PPMO's Website: https://www.bolpatra.gov.np/egp/.
4. Bidding document is available online and can be downloaded from website: https://www.bolpatra.gov.np/egp/ and bidders have to submit their bids through e-GP system of PPMO website: https://www.bolpatra.gov.np/egp/ as specified in instruction to bidder.
5. Belaka Municipality, Office of Municipal Executive, Rampur, Udayapur reserves right to accept or reject any or all bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# कतारी राजाको भ्रमण फलदायी हुनेछः प्रधानमन्त्री



**काठमाडौं/मस**–प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गैरआवासीय नेपाली संघ( एनआरएनए)का संस्थापक उपाध्यक्ष देवकाजी डंगोलसहित अभियन्ताहरु राजेन्द्रकुमार शर्मा(आरके) र खगेन्द्र न्यौपानेसँग भेट गरेका छन् ।

प्रधानमन्त्री निवासमा भएको भेटमा प्रचण्डसँग एनआरएनएका संस्थापक उपाध्यक्ष डा.डंगोलले प्रधानमन्त्रीको आसन्न भ्रमणमा उठाउनुपर्ने विषयको बारेमा छलफल गरेका थिए । डा.डंगोल कतारमा व्यवसाय गर्ने पहिलो नेपाली हुन् । यस्तै कतारमा दुई दशकदेखि व्यवसायमा सक्रिय रहेका तथा गैरआवासीय नेपाली अभियन्ता आरके शर्माले अमिरसँग लगानीका विषयमा नेपालले उठाउनुपर्ने विषयमा छलफल गरेका थिए । नेपाल र कतारबीच कुटनीतिक सम्बन्ध गासिएपछि पहिलो पटक कतारका अमिर शेख तमिम बिन हमाद अल थानी पहिलो पटक नेपाल भ्रमणमा आउन लागेका छन् ।

'कतारका अमिरको भ्रमणमा नेपालले लगानीका क्षेत्रहरुमा विशेष पहल गर्नुपर्ने विषयमा प्रधानमन्त्रीसँग छलफल भयो,'प्रधानमन्त्रीसँगको भेटपछि शर्माले भने,'प्रधानमन्त्रीज्यूले कतारले हासिल गरेको आर्थिक विकासको अनुभव नेपालको लागि सहयोगी हुने गरी अमिरको भ्रमणमा फलदायी हुने सम्झौता हुने जानकारी दिनुभयो ।'

यस्तै प्रधानमन्त्रीले आसन्न लगानी सम्मेलनमा विदेशी लगानीकर्तालाई नेपाल आउने र लगानी सम्मेलन सफल बनाउन संस्थापक उपाध्यक्ष डंगोल तथा अभियन्ता शर्मा र न्यौपानेलाई अनुरोध गरेका थिए । प्रधानमन्त्रीले लगानी सम्मेलन सफल बनाउन र नेपालमा लगानी भित्र्याउने भूमिकामा गैरआवासीय नेपालीहरुको भूमिका महत्वपूर्ण हुने हुँदा त्यो काम गर्न भनेका थिए ।

भेटमा सहभागी एनआरएनए संस्थापक डंगोल, शर्मा र न्यौपानेले गैरआवासीय नेपालीहरु नेपालको आर्थिक विकासमा सहयात्री बन्न तयार सधैं रहेको र सम्मेलन लगानी बढाउने विषयमा लाग्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

# प्रादेशिक अस्पताल गौरमा रक्तदान कार्यक्रम सम्पन्न

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ८ वैशाख




रौतहटको सदरमुकाम गौरमा रहेको गौर प्रादेशिक अस्पतालमा आयोजिक रक्तदान कार्यक्रममा चिकित्सकहरुले शनिबार रक्तदान गरेका छन्। अस्पतालमा रहेको रक्त सञ्चार केन्द्र सञ्चालन गर्ने उद्देश्यले गौर प्रादेशिक अस्पालका चिकित्सक र सर्वसाधारण गरी १५ जनाले रक्तदान गरेका हुन् । अस्पतालका मेडिकल सुपरिडेन्ट डा. मुरारी ठाकुरले रक्तदान गरी कार्यक्रमको शुरुवात गरेका थिए । त्यस्तै इमरजेन्जी फाँटका प्रमुख राजेश कुमार सिंहलगायत चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले रक्तदान गरेका थिए । अस्पतालमा उपचार गराउन आउने बिरामीको विभिन्न किसिमको शल्यक्रिया गर्न रगतको अभाव हुने भएकाले अस्पताल आफैंले रक्त सञ्चार केन्द्रको स्थापना गरेको हो । रगतको आवश्यकता भएका बेला बिरामी तथा उनका आफन्तलाई बाहिर जान नपर्ने र तत्काल रगत उपलब्ध गराउने उद्देश्यले उक्त केन्द्रको स्थापना गरिएको अस्पतालका प्रमुख डा. ठाकुरले बताए ।

रगत लिन आउनेले रगत दिएमात्र केन्द्र दीर्घकालीनरुपमा सञ्चालन हुने डा. ठाकुरले बताए । प्रादेशिक अस्पताल व्यवस्थापन समिति मधेश प्रदेश सरकार र स्वास्थय तथा जनसंख्या मन्त्रालयले रक्त सञ्चार केन्द्रलाई आवश्यक उपकरण उपलब्ध गराएको थियो । गत माघ २७ गते केन्द्रको उद्घाटन गरिएको थियो ।

# नेपाल दलित मुक्ति मोर्चा बाँफिकोटको अध्यक्षमा वि.क

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ८ वैशाख

नेपाल दलित मुक्ति मोर्चा बाँफिकोटको सम्मेलन शहीद स्मृत भवन बाँफिकोटमा सम्पन्न भएको छ । सम्मेलनले शेरबहादुर वि.कको अध्यक्षतामा २९ सदस्यीय कार्यसमिति गठन गरेको छ ।

जसको उपाध्यक्षमा पूर्णबहादुर सुनार, हिरा वि.क, सचिवमा वसन्त वि.क, सहसचिवमा रनजित परियार, सहसचिवमा दलबहादुर वि.क र कोषाध्यक्षमा फुलमाया वि.क चयन भएका छन् ।

सम्मेलनमा मोर्चाका केन्द्रीय सदस्यहरु शेरु वि.क, अर्का केन्द्रीय सदस्य मनबहादुर वादी, नेकपा माओवादी केन्द्र बाँफिकोटका अध्यक्ष चन्द्रबहादुर केसीलगायत १० वटै वडाका दलित नेताहरुको सहभागिता रहेको थियो ।

# भन्सार छलेर ल्याइएको ५० लाख बराबरको सामान बरामद

**राहुल गुप्ता/मध्यान्ह**
वीरगञ्ज, ८ वैशाख



सशस्त्र प्रहरी बल पर्सा प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्जले ५० लाख रुपैयाँ बराबरको भन्सार छलेर ल्याइएको कपडा, काजु, ग्यास चुलो, ब्रेड क्रम्सलगायत विभिन्न सामान बरामद गरेको छ। पर्साको वीरगञ्ज महानगरपालिका-१० आदर्शनगर स्थित दुर्गा क्यारियरमा छापा मारेर सो परिमाणको अवैध समान शनिबार बरामद गरिएको सशस्त्र प्रहरी बल पर्साले जनाएको छ ।

सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्जबाट सशस्त्र प्रहरी नायव उपरीक्षक सुरज रिजालको कमाण्डमा खटिएको टोली र वीरगञ्ज भन्सार कार्यालयबाट खटिएको संयुक्त टोलीले दुर्गा क्यारियरमा छापा मार्दा भारतबाट अवैधरुपमा भन्सार छलेर ल्याइ गोदाममा भणडारण गरेर राखेको ५० लाख रुपैयाँ बराबरको समानहरु बरामद गरेको हो । बरामद सामानहरु आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल पर्साका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक (डीएसपी) देबेन्द्र बहादुर सिंहले जानकारी दिए ।

**Vacancy Announcement**

One of the reputed recruitment manpower agency is seeking for following applicants.

Documentation - Male 1
Reception - Female 1

SALARY Negotiable

**Requirements:**
★ Educational qualification Bachelor pass.
★ Well knowledge of computer Photoshop & Nepali typing skill.
★ Fluent in both speaking and writing in English.
★ Minimum 1 years experience in the recruitment field.

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at info@gala.com.np*

**Gala International Pvt. Ltd.**
श्रम इजाजत नं: १६७३/०८०/०८१
महाराजगंज, काठमाडौं, फोन नं.: ०१-५९२१८३३, मोबाइल ९८२३८३३१५३ Email:info.galaintl@gmail.com

Provincial Government
Ministry of Physical Infrastructure Development

## Transport Infrastructure Directorate
## Infrastructure Development Office, Morang

## Construction of various Roads in Morang District

**First Date of publication: 09th Baisakh, 2081 (21st April, 2024)**

1. Infrastructure Development Office, Morang invites online bids for the Upgrading of various roads in Morang District.

| S. N. | Description of Works | Contract Identification No. | Bid Document Fee | Bid Security (NRs) | Estimated Amount (Without VAT) (NRs) |
|---|---|---|---|---|---|
| 1 | Upgrading of Sauth Budhabare Hudai Jorpaini Shantipur Ulughuttu Sadak, Ratuwamai, Morang | IDO/MOR/NCB/RW -241/080-81 | 3000 | 72,000 | 25,56,130.70 |
| 2 | Upgrading of Jay Nepal Marg Banke Bihari Mandir Road, Biratnagar-8, Morang | IDO/MOR/SQ/RW-242/080-81 | 1000 | 48,000 | 17,69,647.75 |
| 3 | Upgrading of Jay Nagar Marg, Sundarharaicha-8, Morang | IDO/MOR/SQ/RW-243/080-81 | 1000 | 48,000 | 16,88,528.42 |
| 4 | Construction of Mainali Tole Bata Paki Sadak Nala Sahit, Biratnagar-14. Morang | IDO/MOR/NCB/RW-244/080-81 | 3000 | 60,000 | 21,26,632.07 |
| 5 | Upgrading of Debjung Bata Dakshin Chimeki Line Hudai Rabi Chowk Sama Sadak, PathariSanischare-3, Morang | IDO/MOR/SQ/RW-246/080-81 | 1000 | 48,000 | 16,88,530.55 |
| 6 | Upgrading of Sunbarsi Na.Pa, Ward No 2 Sugabazzar Satsang Mandir Bata Din Dayal Chowk Hudai Matal Holi Hudai Triveni Chowk Sama Sadak, Morang | IDO/MOR/SQ/RW-247/080-81 | 1000 | 48,000 | 17,08,043.63 |
| 7 | Upgrading of Ganesh Mandir Dekhi Khanepani Tank Sama Sadak, Biratnagar, Morang | IDO/MOR/SQ/RW/RE-239/080-81 | 1000 | 48,000 | 16,93,271.78 |
| 8 | Construction of Keshaliya Chowk Dekhi Dangihaat Jodne Sadak Kalopatre, Belbari-9, Morang | IDO/MOR/NCB/RW/RE1-151/080-81 | 3000 | 60,000 | 21,32,415.27 |

2. Interested eligible bidders may obtain further information from Infrastructure Development Office, Morang and inspect the Bidding Documents at the address given below during office hours or may visit E-procurement section of PPMO's Website http://www.bolpatra.gov.np/egp. A complete set of bidding documents may be inspected by the interested bidders and must submit their bid electronically only through E-procurement section of PPMO's Website http://www.bolpatra.gov.np/egp., the Bidders must download the bidding documents, prepare their bids and submit their electronic bids as specified in the Instructions to Bidders. The bidder shall be required to deposit the cost of bidding document (as specified in the table above) in the Employer's Rajaswa (revenue) account as specified below and scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic submission of the bid files. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format amounting to NRs mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
3. Pre-bid meeting shall be held at the Infrastructure Development Office, Morang at 1 PM on 2081/01/28 (10th May, 2024)
4. Submission and Opening of bid

| | | |
|---|---|---|
| **Last date of bid submission** | : | **2081-02-08 (21st May, 2024)** |
| | : | **Till 12:00 Noon** |
| **Bid Opening** | : | **2081-02-08 (21st May, 2024)** |
| | : | **13:00 Hrs** |

5. Account Details for Bid Security
   Name of the Bank: Rastriya Banijya Bank
   Name of Office: Pradesh Lekha Niyantrak Karyalaya, Pradesh No-1, Morang, Biratnagar
   Office Account no.: 2120100202030000
   Office Code no. 3370113011
6. Account Details for Bid Document Fee
   Name of the Bank: Rastriya Banijya Bank — Name of Office: Infrastructure Development Office, Biratnagar
   Office Account no.: 1000100201010001 — Rajaswa (revenue) Shirshak no. : 14229
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
९ वैशाख २०८१, आइतबार
21 April 2024, Sunday

सम्पादकीय

# माधव नेपालको गैरजिम्मेवार अडान

पूर्वप्रधानमन्त्री एवं नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको अडान राष्ट्रिय राजनीतिमा फेरि चासोका साथ हेरिने परिस्थिति सिर्जना भएको छ । भर्खरै सुदूरपश्चिम प्रदेशको सरकार निर्माणका क्रममा त माधव नेपालको अडान निर्णायक नै बन्यो । उनको अडानका सामु प्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र प्रमुख सत्तारूढ नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली गल्न बाध्य भए । माधवको माग पूरा गर्न प्रधानमन्त्री प्रचण्डले नागरिक उन्मुक्ति पार्टी (नाउपा) का अध्यक्ष रञ्जिता श्रेष्ठलाई मनाउनु परेको थियो । तर माधवको माग पूरा गराउन सुदूरपश्चिम प्रदेशको सरकार थप अस्थिर र संकटतर्फ धकेलिएको छ । किनकि एकीकृत समाजवादीलाई मुख्यमन्त्री दिदा नाउपा विभाजन नजिक पुगेको छ । नाउपाको विभाजनले सुदूरपश्चिममा संवैधानिक संकट निम्तने खतरा छ ।

माधव नेपालको अडानमा प्रचण्ड र ओली गल्न बाध्य हुनुपर्ने कारण चाहिँ सत्ता जोगाउनुपर्ने दायित्व थियो । यदि एकीकृत समाजवादीले समीकरण परिवर्तन गरे अहिलेको सरकार नै संकटमा पर्ने आधार तयार हुन सक्थ्यो । उक्त जोखिम टार्न सुदूरपश्चिम सरकारलाई संवैधानिक जटिलतातिर धकेल्न एमाले र माओवादी तयार भएको छ । सुदूरपश्चिममा मात्रै नभएर बागमती, कोशी लगायत प्रदेशमा पनि माधव नेपालले अड्को थापिरहेका छन् । सुदूरपश्चिम सरकारको नेतृत्व लिइसकेको एकीकृत समाजवादीले बागमती र कोशीमा पनि आलोपालोको अड्को थापेका छन् । जबकी २०७९ को आमचुनावमा यो पार्टीले राष्ट्रिय दलको मान्यता समेत पाएको थिएन ।

तर हङ पार्लियमेन्टको लाभ उठाउँदै माधव नेपालले आलोपालो प्रधानमन्त्रीको अडान लिइरहेका छन् । ओली र प्रचण्डसँग आलोपालो प्रधानमन्त्री प्रष्ट अडानका साथ समीकरणमा नयाँनयाँ माग एकीकृत समाजवादीले थपिरहेको छ । हुनत अरू दलहरूमा पनि सत्ता मोह लुकेको छैन । दलहरूको सत्ता मोहकै कारणले राजनीतिक अस्थिरता बढेर गएको हो । यद्यपि सत्ता निर्माणको अभिभारा फेरि पनि कांग्रेस-एमालेकै हो । तर यी दुई दलबीचको अस्वस्थ्य प्रतिस्पर्धाको लाभ साना शक्तिहरूले उठाउँदै आएका छन् । जसको पछिल्लो उदाहरण माधव नेपालको अडान हो । जबकी माधव नेपाल अहिलेको व्यवस्था र संविधान कार्यान्वयनमा महत्वपूर्ण पात्र हुन् । उनीसँग अरू नेताहरू भन्दा लामो राजनीतिक पृष्ठभूमि छ । तर तिनै जिम्मेवार नेताले लिएको पछिल्ला अडान अनुचित मात्रै नभएर आलोचना योग्य समेत हो । किनकि मुलुक र जनताको हित भन्दा माथि कुनै नेताको सत्ता स्वार्थ होइन ।

# वाणिज्य नीतिमा रणनीतिक परिवर्तनको खाँचो

धर्म-संस्कृति



● डा.सुमनकुमार रेग्मी

विश्व व्यापार संगठन र समसामयिक सबै पक्षलाई समेटेर नयाँ वाणिज्य नीति २०७२ आएको नौ वर्ष नाघेको छ । यसको कार्यान्वयन पक्ष पनि पूर्वाधार विकास नभएसम्म प्रभावकारी कार्यान्वयन गर्न नीतिगत, संस्थागत, संरचनागत र प्रणालीगत चुनौतीका रूपमा रहने छन् । पेट्रोलियम पदार्थ, खाद्यान्न, तरकारी, फलफूल, दैनिक उपभोग्य वस्तुहरू, विलासिताका वस्तुहरू आदि प्रत्येक वर्ष अन्धाधुन्ध बढेर गएका छन् । तुलनात्मक तथा प्रतिस्पर्धी समेटिएका २५ वस्तुहरूमा सूठोसहित अदुवा, अलैंची, गलैंचा, जडिबुटीसहित सुगन्धित बोट, कफी, च्याङ्ग्रा पश्मिना, चिनी, चिया, जुत्ताचप्पल, कपडा, चाउचाउ, तयारी पोशाक, तरकारी र तरकारी बिउ, दुग्ध पदार्थ, फुल, प्रशोधित छाला, फलाम तथा स्टिलका वस्तुहरू, फलफूल, मह, दाल, सिमेन्ट, सुनचाँदीको गहनाहरू र जेम्स र हाते कागत तथा वस्तुहरू परेका देखिन्छन् । कुनै बेला धेरै आशालाग्दो देखिएको धागो, सनफ्लावर तेल, फलाम पाता, भटमासको तेल, पाम आयल, गलैंचा, तयारी पोशाक, पश्मिना आदिको निर्यात एक चोटी उच्चतम् बिन्दुमा पुगेको परिमाणमा पुनः पुग्न सकेका छैनन् । विगत ४-५ वर्ष अघिदेखि फलाम तथा स्टिलका वस्तुहरू नेपालको पहिलो निकासी वस्तु हुँदै आएको छ । अझै पनि वस्तु तथा सेवामा आन्तरिक उत्पादनमा दिगो भएका निकासी क्षेत्र समेटिन सकेका देखिँदैनन् । निश्चित अवधि पछि पुनरावलोकन गरी ल्याउनु पर्ने वाणिज्य नीति २०६५ लाई रद्द गरी नयाँ वाणिज्य नीति २०७२ आएको छ । नयाँ नीतिले आन्तरिक उत्पादन बढाउन आपूर्ति पक्षका अवरोधहरू घटाउनेसहित सेवा र वस्तुगत निकासीमा मूल्य अभिवृद्धि वृद्धि गर्ने सोच केन्द्रित गरिएको छ । व्यापारमा अघिल्लो वाणिज्य नीति २०६५ भन्दा बढी प्रत्यक्ष असर गर्ने अन्तर-नीतिहरूसँग समन्वय गरी नयाँ नीति २०७२ आएको देखिन्छ । तर, वाणिज्य नीति २०७२ लाई एनटीआईएस २०८० (२०२३) सँग तालमेल गरी मिलाउन अबेर भएको छ ।

अतिकम विकसित देशलाई विकसित देशले प्रदान गरेको र सार्कको सतिश सेवा सम्झौतासहित अरु क्षेत्रीयस्तरबाट प्राप्त सहुलियतपूर्ण सुविधा उपयोग गर्ने गरी वाणिज्य नीति २०७२ आएको थियो । सेवा व्यापार विश्वमा जल्दो-बल्दो क्षेत्र रही आएको छ र वस्तु व्यापारमा भए जस्तै सेवा व्यापारमा पारवहन, भन्सार, क्वारेन्टाइनजस्ता समस्या नपर्ने भएकाले नेपाली सेवा बाह्य बजारमा प्रतिस्पर्धी हुन सक्दछन् । नयाँ वाणिज्य नीति २०१५ अर्थात् २०७२ ले इन्जिनियरिङ सेवा, जलशक्ति, पर्यटन, शिक्षा, सूचना प्रविधि, व्यवसाय प्रकृया बाह्य स्रोत अर्थात् बिजनेस प्रोसेस आउटसोर्सीङ, स्वास्थ सेवा, र दक्ष-अर्धदक्ष श्रमगरी नौ क्षेत्रका सेवा उत्थान गर्ने गरी केन्द्रित गरिएको छ ।

व्यापार नीति २०१५ एनटीआईएस २०१० सँग तालमेल गरी मिलाइएको भए पनि एनटीआईएस २०८० (२०२३) आएको बताइन्छ । एनटीआईएस २०१० मा बढी उच्च निकासी सम्भाव्य भएका वस्तुहरू तथा सेवामा केन्द्रित रहेको छ । एनटीआईएसमा संलग्न वस्तु तथा सेवाहरू मूल्य अभिवृद्धि सञ्जाल प्रकृयाबाट गरिबी निवारणमा असर गर्दछन् । सोही विचार अनुसरण गरी नयाँ वाणिज्य नीतिमा महिला तथा सीमान्तकृत जनसंख्यालाई समाविष्ट गरी तिनीहरूको जीवनस्तर उकास्न उत्पादन प्रकृयामा प्राथमिकतामा राखिएको छ । त्यस्तै गरी नयाँ वाणिज्य नीतिले आपूर्ति पक्षका अवरोधहरू कम गर्न व्यापारसँग सम्बन्धित पूर्वाधार र व्यापार सहजिकरणमा व्यापारका लागि सहयोग अर्थात् एड फर ट्रेडलाई प्राथमिकीकरणमा सम्बोधन गरिएको छ । अर्कोपक्षमा २०७२ को संशोधित नीतिले आयात गरिएको वस्तुहरूका गुण नियन्त्रणमा र प्रयोगशालाहरूका सुदृढीकरणमा सतर्कता गरिएको थियो । नीतिका अन्य परिवेशहरूमा मूल्य अभिवृद्धिका आधारमा निकासी प्रोत्साहन, बाह्य लगानी भित्राउन विकसित देशसँग थप बिपा सम्झौता, पूर्वपृष्ठमा विशिष्टीकरणमा जोड दिइएको देखिन्छ । तर, यस्ता नीतिसँग सहयोग गर्ने रणनीति २०१० मा समय र सबैतिरको समायोजन हुने तवरले रणनीति संशोधन हुने भनिएको पनि धेरै भइसक्यो ।

वाणिज्य नीति-रणनीतिलाई कार्यान्वयनमा लग्ने वाणिज्य तथा आपूर्तिसम्बन्धी पाँच वटा ऐन विशेषत वस्तु तथा सेवा नियमन गर्ने ऐन, एन्टिडम्पिङ-काउन्टरभेलीङ-सेफगार्ड ऐन, उपभोक्ता संरक्षण ऐनमा संशोधन, निकासी-पैठारी नियन्त्रण ऐन २०१३ लगायत व्यापारसँग सम्बन्धित एकीकृत गर्ने छाता ऐन र पेट्रोलियम कारोबार पदार्थ ऐनहरू मस्यौदामा नै सीमित थिए । यी मध्ये केही कानुन बनिसके । विश्व व्यापार संगठनको प्रावधान बमोजिम विदेशी वस्तु ठूलो परिमाणमा आयातले स्वदेशी उद्योग बन्द हुने स्थिति रोक्न सरकारले सेफगार्ड, एन्टिडम्पिङ र




> *वाणिज्य नीति २०६५ लाई रद्द गरी नयाँ वाणिज्य नीति २०७२ आएको छ । नयाँ नीतिले आन्तरिक उत्पादन बढाउन आपूर्ति पक्षका अवरोधहरू घटाउनेसहित सेवा र वस्तुगत निकासीमा मूल्य अभिवृद्धि गर्ने सोच केन्द्रित गरिएको छ । तर वाणिज्य नीति २०७२ लाई एनटीआईएस २०८० (२०२३) सँग तालमेल गरी मिलाउन अबेर भएको छ ।*

काउन्टरभेलिङ ऐनको व्यवस्था गर्न लागिएको हो । उक्त ऐनमा नेपालमा ठूलो परिमाणमा विदेशी वस्तु आयात भई स्वदेशी उद्योगमा हानी पुग्ने नेपालको आयातमा बन्देज लगाउने व्यवस्था छ । यस्तैगरि, खास उद्देश्य राखेर अरु विद्येयकहरू ऐन बन्दैछन् । यीमध्ये केही कानुन बनिसके ।

बितेका केही वर्षयताको तथ्यांक नियाल्दा देशको व्यापार घाटा बढ्दै गएको छ । चालु आ.ब. २०७२-७३ को अघिल्लो महिनामा भूकम्पका कारण चीन-तिब्बतसँगको नेपालको सतह व्यापार र २०७२ असोज महिनादेखि तराई आन्दोलन र भारतको एकतर्फी व्यापारिक सामानको ओसार-पसारमा रोकावटले यो वर्ष नेपालको वैदेशिक व्यापारको बनावट अथवा व्यापार घाटामा परिवर्तन ल्यायो । यस्तो अवस्थामा नयाँ २०७२ व्यापार नीति अझ चुनौतीपूर्ण भए । तसर्थ, पछि बन्ने नयाँ नीतिले व्यापार घाटालाई वाञ्छित घेरामा राख्न चुनौती हुनेछ । यसको लागि मूल्य अभिवृद्धि युक्त वस्तु निर्यात, तुलनात्मक लाभ भएका वस्तु र सेवाको प्रवर्द्धन, खाद्यान्न, तरकारी-फलफूललगायतका दैनिक उत्पादनका वस्तुका उत्पादन तथा उत्पादकत्वमा वृद्धि, सरकारी र निजी क्षेत्रका संस्थागत क्षमता विकास, समग्र पूर्वाधार विकास, सुहाउँदो लगानी वातावरण साथै, कृषि-औद्योगिक क्षेत्रमा आर्थिक वृद्धिमा विशेष दृष्टि राख्न जरुरी भएको देखिन्छ ।

नयाँ व्यापार नीति २०७२ मा विश्व व्यापार संगठनको ट्रिप्स सम्झौताअनुसारका बौद्धिक सम्पत्ति अधिकारको संरक्षण, प्रविधि हस्तान्तरणका कुरा, निर्यात वस्तुका भौगोलिक सांकेतिकरण, ट्रेड मार्क, सामूहिक व्यापार चिन्ह, डिजाइन पेटेन्ट, प्रतिलिपि अधिकारलगायतका क्षेत्रहरू, आनुवांशिक स्रोत, परम्परागत ज्ञान-सीपको संरक्षण-प्रवर्द्धन र संस्थागत क्षमता वृद्धि गर्नेलयायतका प्राबधान नयाँ व्यापार नीति २०७२ मा समेटिएको देखिन्छ । तर, व्यवहारमा कार्यान्वयन छैन् । बहुराष्ट्रिय कम्पनीहरूलाई नेपालका साना-घरेलु-मझौला उद्योगहरूमा लगानी गर्ने वातावरण बनाई निर्यात प्रवर्द्धनमा सहयोग हुने गरी त्यसै अनुकूलको वातावरण बनाउन नयाँ वाणिज्य नीति उन्मुख हुने देखिएको छ । नेपालको व्यापार सहजिकरणका लागि भन्सार कार्यालयमा चाहिने सुख्खा बन्दरगाहमा चाहिने सम्पूर्ण पूर्वाधारको विकासको लागि नयाँ नीतिले बोलेको देखिन्छ ।

तुलनात्मक लाभ भएका निर्यातजन्य वस्तु तथा सेवा क्षेत्रका क्षमता अभिवृद्धि गर्न मूल्य शृंखला, उत्पादन क्षमता, गुणस्तर, बजारको खोजी, नीतिगत-संस्थागत, प्रकृयागत, वार्ता-सम्झौता जस्ता प्रावधान नयाँ नीतिमा राखिएका छन् । डब्लुटिओको र सम्मेलनको प्रावधानसँग सामञ्जस्य हुने गरी अतिकम विकसित देशको लागि दिइएका सहुलियतपूर्ण सुविधालगायत थप प्रावधानहरू पनि नयाँ व्यापार नीतिमा समेटिएको देखिन्छ । व्यापार मूलप्रवाहिकरणमा लागि चाहिने आवश्यक कदमहरू पनि यस नीतिमा उल्लेख भएकाले मूल प्रवाहीकरणको सिद्धान्त कार्यान्वयन पक्षले नेपालको निकासी बढाउने नै छ । साथै, नीतिगत सामञ्जस्यको प्रावधान यस नीतिमा समेटिएको छ । व्यापार घाटा न्यूनीकरण र बजार पहुँच विस्तारको उद्देश्य पूरा गर्न नौ वटा रणनीतिहरूमा सरकारी क्षेत्रको समन्वयमा निजी क्षेत्र, प्रतिस्पर्धी लाभका वस्तुका निकासी, आपूर्तिमा आधारित व्यापारघाटा कम गर्ने, निर्यातजन्य सेवा क्षेत्रको अभिवृद्धि, सहजीकरण-संस्थागतमार्फत कारोबार लागत घटाउने, व्यापारलाई अर्थतन्त्रको मूलप्रवाहिकरणमा स्थापित गराउने, बहुक्षेत्रीय-द्विपक्षीय तथा कूटनीतिक माध्यमबाट व्यापार अभिवृद्धि, प्रतिस्पर्धी वस्तु तथा सेवाको क्षेत्रबाट विश्वस्तरमा आबद्ध गराउने, बौद्धिक सम्पत्ति संरक्षणमार्फत विश्व बजारमा नेपाली उत्पादनको पहुँच बढाउने क्षेत्र परेका छन् ।

नेपालको निकासी व्यापार उत्साहजनक नदेखिएकोले विश्व परिवेशमा व्यापार प्रणालीबाट अधिकतम फाइदा लिन समसामयिक विषयलाई समेटी अघिल्लो नीति खारेज भएको छ । नव वाणिज्य नीतिले निकासी प्रबर्द्धनमार्फत राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाइ आर्थिक वृद्धि गर्ने दूरदृष्टि राखेको छ । त्यस्तै, निकासी प्रबर्द्धन गरी दिगो आर्थिक वृद्धि हासिल गर्ने यो नीतिले लक्ष्य राखेको छ । यस नीतिका दुई वटा उप-उद्देश्यहरूमा आपूर्तिजन्य क्षमताको सुदृढीकरण गर्दै विश्व बजारमा मूल्य अभिवृद्धि युक्त प्रतिस्पर्धी वस्तु तथा सेवाको निकासी बढाई व्यापारघाटा कम गर्ने र क्षेत्रीय तथा विश्व बजारमा वस्तु, सेवा र बौद्धिक सम्पत्तिको पहुँच वृद्धि गर्ने रहेका थिए । देशलाई व्यापारको माध्यमबाट आर्थिक समृद्धि उन्मुख गराउने वस्तु तथा सेवा विशेषका एकीकृत आन्तरिक तथा बाह्य व्यापारका आयामहरूलाई समेट्ने र सहजीकरण गर्ने लक्ष्य राखेर एकीकृत वाणिज्य कानुन -नीतिमा भविष्यमा ध्यान जान आवश्यक रहेकै देखिन्छ ।

निर्यात व्यापारलाई विविधिकरण गरी प्रतिस्पर्धी बनाउन सरकारले सहजकर्ता र नियामककर्ताको भूमिकामा निर्वाह गरी निजी क्षेत्रको अगुवाइलाई २०७२ वाणिज्य नीतिले जोड दिएको थियो । बाह्य उपभोक्ताको मागबमोजिम नेपालका सबै जिल्ला र क्षेत्रमा उत्पादन हुने तुलनात्मक र प्रतिस्पर्धी वस्तुलाई जोड दिई मूल्य श्रृंखलामा सहयोग र संस्थागत क्षमतामा वृद्धि गर्ने प्रावधान राखेको देखिन्छ । देशमा आयात भइराखेका गुणस्तरहीन वस्तुहरूलाई कम-नियन्त्रण गर्न एवम् आयात व्यवस्थापन गर्न मानव, पशुपंक्षी तथा वनस्पति स्वास्थ्य र वातावरणमा प्रतिकुल असर गर्ने वस्तुहरूको क्वारेन्टाइन जाँचलगायत गैरभन्सार उपायहरूको प्रयोगको प्राबधान नीतिमा राखिएको छ । साथै, घरेलु उद्योगहरूको संरक्षण र विकास गरी नेपालमा सम्भावना भएका तर आयात गर्न परिरहेका औद्योगिक र खाद्यान्न-तरकारी-फलफूललगायत अरु कृषिजन्य वस्तुहरूका उत्पादकत्व बढाई उत्पादन वृद्धि गर्ने सोच राखिएको छ । हरेक पटकको वाणिज्य नीतिमा वैदेशिक व्यापारलाई सहज बनाउने, निजी क्षेत्रलाई व्यापारमा अघि बढाउने, व्यापार घाटा घटाउने भनिए पनि २०८० सालमा पनि अझ व्यापार घाटा घटेको छैन् । प्रति वर्ष नेपालको व्यापार घाटा बढ्दो छ । मूल्य अभिवृद्धि लाभ उच्च हुने वस्तु र सेवा निर्यातलाई बढाउने विषय पनि पर्दै गए पनि निर्यात वृद्धि बढ्न सकेको देखिँदैन् । तर, नीतिसँग त्यसको कार्यान्वयन प्रभावकारिता अर्को जटिल विषय हो । अबको दुई वर्षपछि यस वाणिज्य नीतिको मूल्यांकन गरी आवश्यक परिमार्जन गर्न आवश्यक छ ।

***(रेग्मी, व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रका पूर्व नायव-कार्यकारी निर्देशक हुन् ।)***

## सामाजिक सञ्जाल



- विष्णु ढकाल

मौलिकता हराउँदै जानुमा पूर्वनिर्धारित विधामा बाँधिएर लेख्नु, कलाकारिता पनि अरूको रूचिमा देखाउनु हो जस्तो लाग्छ । नयाँ सिर्जना बन्धनरहित भएर सम्भव छ, जो आजको भौतिक सुखसुविधाले हुन दिँदैन । जे बिक्छ त्यही, त्यस्तै गर्दै जाँदा उदयमान देखिएका स्रष्टा कलाकार राजनीतिज्ञहरू एउटा सिँढीबाट चिप्लिए झैं ।



- डम्मर खतिवडा

चोरहरूको संगठन बलियो भए के हुन्छ ? झन् धेरै चोरी हुन्छ । भ्रष्टको संगठन बलियो भए झन् धेरै भ्रष्टाचार हुन्छ । त्यस्तै, दलहरूको संगठन बलियो भए नेता बलिया र नागरिक कमजोर हुन्छन् । लोकतन्त्रमा दलहरूको संगठन कमजोर पार्न पर्छ । अनि मात्र नेतामा 'अतिरिक्त शक्ति' जाँदैन र, ति नागरिकसँग डराउँछन् ।



- गोकुल बाँस्कोटा

सबैतिर गठबन्धन गर्नु तर, राजनीतिमा कहिल्यै गठबन्धन नगर्नु । राजनीतिमा स्थायी शत्रु र मित्र हुँदैन भनेर अरुलाई पाठ पढाउने तर, आफै भने माखाको जस्तो पित्त भएका र छात्तीभरि बिषै बिषले भरिएको षडयन्त्रको पोको बोकेर हिँडेका नेताका स्वार्थ सिद्ध गर्न मै राज्यको समय खर्चनु पर्ने रहेछ ।



- सूर्यप्रसाद आचार्य

मन्त्रिले हरेक दिनको तलब-भत्तालगायत राज्यको सुविधा प्रयोग गरेको हुन्छ । चुनाव प्रचारमा मन्त्रीको सहभागितालाई प्रतिबन्ध लगाइयोस् । चुनावी सरकारका मन्त्री उमेदवार हुन नपाउने व्यवस्था होस् । यस्तो कानुनको अभावमा पनि नयाँका दलले यो पालन गर्न सक्दा नैतिकता/सुशासनको नमुना सन्देश जान्थ्यो !

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष | : घरेलू जिम्मेवारी बढ्नेछ । आर्थिक पक्ष मजबुत हुनेछ । |
| वृष | : कार्यमा अनावश्यक खर्चको योग छ । विरोधी सक्रिय रहनेछन् । |
| मिथुन | : सरकारी सहयोग प्राप्त हुनेछ । दैनिक कार्यमा ध्यान दिनु होला । |
| कर्कट | : सन्तान सुख प्राप्त हुनेछ । मुद्दा मामिलामा सफलता मिल्नेछ । |
| सिंह | : अनावश्यक इच्छामाथि नियन्त्रण राख्नुहोला । स्वास्थ्य राम्रो रहनेछ । |
| कन्या | : सन्तानको सुखमा वृद्धि हुनेछ । धैर्य बढ्ने योग छ । |
| तुला | : स्वास्थ्य माथि ध्यान दिनुपर्छ । स्थानान्तरण हुने योग छ । |
| वृश्चिक | : नातागोताको सहयोग प्राप्त हुनेछ । वाणी संयम जरुरी छ । |
| धनु | : पारिवारिक सदस्यहरूमा वृद्धि हुनेछ । लाभको अवसर प्राप्त हुनेछ । |
| मकर | : शुभ समाचार प्राप्त हुने योग छ । धन आर्जनमा वृद्धि हुनेछ । |
| कुम्भ | : वाणी संयम राख्नुहोला । नोक्सान हुने योग छ । |
| मीन | : नाता-गोतासँग भेटघाट हुनेछ । पारिवारिक जीवन सुखी रहनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# अविकासको दोषी को ?

टिप्पणी



● खिमराज गिरी

> *झुपडीलाई देखाउँदै चप्पल लगाएर नेतृत्वमा पुगेकाको व्यक्तिगत जीवनमा ठूलो परिवर्तन त भयो, तर जनताको जीवनमा परिवर्तन आएन । हिजोका चप्पलधारी नै आज सुटेटबुटेट हुँदै राजनीतिको नेतृत्वमा छन् । उनीहरूलाई नै जनताले पटक-पटक नेतृत्वमा जिताउँदै आएका छन् । तर परिवर्तन किन भएन भन्ने प्रश्नको जवाफ जनताले खोजेनन् ।*

नेपाली राजनीतिमा बेला-बेलामा व्यवस्था हस्तान्तरण त भयो तर, प्रतिकृयावादी, सत्ता स्वार्थी, लम्पसारवादी, प्राकृतिक प्रकोप आदिले जनताको जीवन रूपान्तरण हुन सकेन । गरिबको घरमा चुला त बले तर, खाना पाकेन । किसानका पाखाबारीमा सिँचाइ गर्ने सम्बन्धमा कुरा र कुला त गए तर, पानी गएन । प्रजातन्त्रवादी त भए तर, उदारवादी भएनन् । म्यानेजरको भरमा सरकारी उद्योगहरू चलाउन त खोजियो तर, सबै कौडीको भाउमा दौडिए । गण्डकी, कोशी, कर्णालीको आत्माले कति सरापेको छ थाहा छैन ।

कुनै कुनै कम्युनिष्टहरू क्रान्तिकारी त भए तर, दिल्लीको मामलामा आज्ञाकारी नै भइरहे । २००७ सालमा राणा गए, राजासहितको प्रजातन्त्र आयो, पुरानो अवशेष र मालिकमा बिन्ती चढाउँदैमा २०१७ सालमा पञ्चायती व्यवस्था आयो अनि राजा महेन्द्रको शासन काल शुरु भयो । २०३६ सालको जनमत र ०४२ सालको बम काण्डले नेपालको राजनीतिमा केही हलचल मच्चायो र ०४६ सालको आन्दोलनलाई टेवा पुग्यो । तत्पश्चात राजतन्त्रात्मक बहुदलीय व्यवस्थाको सुरुवात भयो ।

तत्काल बालुवाटारको करिब ११६ रोपनी जग्गा सुवर्ण शमशेरको परिवारलाई हस्तान्तरण गरियो र प्रजातन्त्रको धज्जी पनि त्यतिखेरदेखि नै उडाउन शुरु गरियो । प्रायः दलका केही नेताहरू एकातिर आधुनिक राज्य प्रणालीको कथा सुनाउँथे भने अर्कोतिर कुर्चीको लागि दरबार धाउने प्रचलन पनि कायमै राखे । ०५२ साल पछिको त्यो एक दशकले नेपालमा गणतन्त्रात्मक शासन व्यवस्था ल्याउन टेवा पुग्यो र २०६२/०६३ को आन्दोलनपश्चात राजा सत्ताच्युत हुन पुगे र दलहरू करिब आठ वर्षसम्म जम्बो सांसद लिएर संविधानसभाबाट संविधान बनाउने गृहकार्यमा जुटेपश्चात २०७२ सालमा नयाँ संविधान ल्याइयो र नेपाल गणतन्त्रात्मक शासन व्यवस्था अवलम्बन गर्ने मुलुक बन्यो ।

देशमा तीन तहको चुनाव भयो र तीनै तहमा नेकपाको बहुमतको सरकार पनि बन्यो र देशले पहिलाभन्दा हरेक क्षेत्रमा काँचुली पनि फेर्न खोज्यो तर, केही व्यक्तिहरूको सत्तास्वार्थको कारण राजनीतिक अस्थिरताको सौदाबाजीमा मुलुक फेरि पनि फस्यो । र, अरु कयौं क्षेत्रमा परिवर्तन हुने अवस्था हुँदा हुँदै पनि कहिले प्राकृतिक विपत्ति त कहिले सरकार चलाउने पात्रहरूको प्रवृत्ति, त कहिले नेकपाभित्रको आन्तरिक द्वन्द्व, कहिले विपक्षी दलहरूको विरोधी स्वभावको कारण देशमा विकासको गति अगाडि बढ्न केही असहज भइरहँदा फेरि अर्को विपत्ति लाग्यो कोरोनाको । विश्वव्यापीरूपमा फैलिएको यो कोरोनाको कारणले ठूलै धनजनको क्षति भयो र आर्थिक क्षेत्र पनि जर्जर हुने अवस्थामा पुग्यो । नेपाललाई पनि आर्थिकरूपमा केही पछाडि धकेल्यो र त्यसको परिणामस्वरूप आजसम्म देशमा न त स्थायी सरकार बन्यो न त भ्रष्टाचारको अन्त्य नै भयो ।

झुपडीलाई देखाउँदै चप्पल लगाएर नेतृत्वमा पुगेकाको व्यक्तिगत जीवनमा ठूलो परिवर्तन त भयो तर, जनताको जीवनमा परिवर्तन आएन । हिजोका चप्पलधारी नै आज सुटेटबुटेट हुँदै राजनीतिको नेतृत्वमा छन् । उनीहरूलाई नै जनताले पटक-पटक नेतृत्वमा जिताउँदै आएका छन् । तर, अवस्था उस्तै रहिरहँदा पनि विकल्प नखोज्ने जनतालाई दोषी मान्ने कि नमान्ने भन्ने प्रश्न उब्जिएको छ । निष्कर्षमा भन्दा जबसम्म जनताले पनि आफ्नो मतको समीक्षा गर्दैनन् तबसम्म मुलुकले सही दिशा समात्न सक्दैन । सही नेतृत्व भेटाउन सक्दैन ।

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# युक्रेन र रुसबीचको हवाइ आक्रमणमा सर्वसाधारणको मृत्यु

**काठमाडौं/एजेन्सी–** युक्रेनले शनिबार बिहानै रुसतर्फ ड्रोन आक्रमण गरेको र आक्रमणका कारण रुसी इन्धन डिपोमा आगो लागेको अधिकारीहरुले बताएका छन् । रुसको बेल्गोरोड क्षेत्रका गभर्नर भासिली एनोखिनलले युक्रेनको सीमापार आक्रमणमा कम्तीमा तीन जनाको मृत्यु भएको र युक्रेनको उत्तरपूर्वी क्षेत्रमा रुसी आक्रमणमा परी दुई जनाको मृत्यु भएको बताएका छन् ।

युक्रेनको रक्षा क्षेत्रका एक स्रोतले एएफपीलाई बताएअनुसार किएभले रुसको सैन्य-औद्योगिक परिसरलाई खुवाउने ऊर्जा पूर्वाधारका लागि 'ठूलो आकारको' ड्रोन आक्रमण गरेको थियो ।

युक्रेनको सुरक्षा सेवा (एसबियु), सेना र सैन्य गुप्तचर निकायको 'संयुक्त अभियान' भएको भन्दै स्रोतले भन्यो, 'कम्तीमा तीन वटा विद्युतीय सबस्टेसन र एउटा इन्धन भण्डारण केन्द्रमा आगलागी भएको छ ।'

रुसको रक्षा मन्त्रालयले रातिमा आएका ५० वटा युक्रेनी ड्रोनलाई रोकेको जनाएको छ । रोकिएका ड्रोनमध्ये केही राजधानी मस्को नजिकैको सीमाबाट सयौँ किलोमिटर टाढा रहेका छन् ।

रुसको पश्चिमी स्मोलेन्स्क क्षेत्रको एक इन्धन डिपोमा ठूलो आगलागी भएको भिडियो



सामाजिक सञ्जालमा भाइरल भएको छ । 'वायु रक्षा बलले हवाई वाहनहरुलाई गोली हानी आक्रमण विफल पार्ने प्रयास गरेपनि भग्नावशेष खसेपछि इन्धन र लुब्रिकेन्ट्स भएको ट्याङ्कीमा आगो लागेको छ,' गभर्नर एनोखिनले भने । हालैका महिनाहरुमा रुसी तेल र ग्याँस सुविधाहरुमा युक्रेनी आक्रमणहरु बढेका छन् भने यसलाई युक्रेनले रुसको युद्धलाई बढावा दिन प्रयोग गरिएको पूर्वाधारमा 'निष्पक्ष' प्रतिशोधको भाग भनेको छ ।

## अमेरिकी विद्युतीय निगरानी उपकरणको प्रयोग गर्न सिनेटको अनुमति

**काठमाडौं/एजेन्सी–** विदेशमा रहेका अमेरिकी गुप्तचर निकायहरुले व्यापकरुपमा प्रयोग गर्ने तर नागरिक स्वतन्त्रतावादी संगठनहरुले आलोचना गर्ने शक्तिशाली विद्युतीय निगरानी उपकरणको नवीकरणलाई अमेरिकी सिनेटले शनिबार अनुमोदन गरेको छ ।

शुक्रबार अमेरिकी सिनेटमा भएको मतदानमा विधेयकको पक्षमा ६० मत र विपक्षमा ३४ मत परेको थियो । ह्वाइट हाउसले राष्ट्रपति जो बाइडेनले 'विधेयकमा चाँडै हस्ताक्षर गर्ने' बताएको छ ।

यस कार्यक्रमले अमेरिकी गुप्तचर एजेन्सीहरुलाई न्यायिक वारेन्ट नलिइकन इलेक्ट्रोनिक निगरानी गर्न अनुमति दिनेछ । यसले अमेरिकी नागरिकहरुबाट निगरानीको लागि लक्षित विदेशीहरुसँग उनीहरुलाई विशेष गरी अमेरिकी क्षेत्रभन्दा बाहिर कहीँ पनि गैर-अमेरिकीहरुको फोन कल र इमेलसहितका सञ्चार सन्देशहरु मेटाउन अनुमति दिन्छ ।

राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले एक विज्ञप्ति जारी गर्दै भने, 'कानूनले गम्भीर राष्ट्रिय सुरक्षा खतराहरु पत्ता लगाउन र संयुक्त राज्य अमेरिकाको रक्षाको लागि उक्त समझदारी प्रयोग गर्न हाम्रा सुरक्षा अधिकारीहरुलाई काम गर्न सहयोग गर्नेछ ।'

विदेशी गुप्तचर निगरानी ऐन (फिसा) को धारा ७०२ अन्तर्गत प्राधिकरणलाई गोपनीयता र नागरिक स्वतन्त्रताका पक्षधरहरुले निन्दा गरेका छन् । सदनबाट पारित भएको तर उग्र बहसको विषय बनेको विधेयक फिसालाई पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले नवीकरण नगर्न सांसदहरुसँग आग्रह गरेका थिए । उनले यो र यस्तै मुद्दालाई लिएर राष्ट्रपति जो बाइडेनलाई राष्ट्रपतीय निर्वाचनमा कमजोर प्रमाणित गर्न खोजिरहेका छन् । ट्रम्पले यसै महिनाको सुरुमा आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा पुष्टि हुने कुनै तथ्यविना नै लेखेका थिए, 'यो अवैधरुपमा म र अरु धेरै विरुद्ध प्रयोग गरिएको थियो । तिनीहरुले मेरो अभियानको जासुसी गरे ।'

गत डिसेम्बरमा ह्वाइट हाउसका एक वरिष्ठ अधिकारीले गाजा र युक्रेनमा जारी युद्ध, चीनसँगको उच्च तनाव र साइबर आक्रमणको निरन्तर खतराबीच यो 'एकपक्षीय' नि:शस्त्रीकरणका लागि खतरनाक समय हुने भन्दै सिनेटरहरुलाई कार्यक्रम नवीकरण नगर्न आग्रह गरेका थिए ।

## नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१।०१।०९

यस कम्पनीको मिति २०८०।०९।१८ मा सम्पन्न भएको बार्षिक/विशेष साधारण सभाद्धारा साविक कम्पनी (नेपाल इन्भाइरोमेन्ट एण्ड सस्टेनेवल एग्रिकल्चर फाउण्डेशन **मु.वि. नगर्ने**) को नाम परिवर्तन गरी **नेपाल इन्भाइरोमेन्ट एण्ड ईन्टेग्रेटेड सस्टेनेवल एक्सन फाउण्डेशन (मु.वि. नगर्ने)** कायम भई श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८०।१२।२७ गतेको निर्णयानुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने दायत्वि यसै कम्पनीले सकार्ने व्यहोर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८१/०१/०९**

**पेपरम्याक्स इण्डष्ट्रिज प्रा.लि.**को मिति २०७९/०३/१३ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पेपरप्लाष्ट प्रोडक्टस प्रा.लि. (प्रा.लि. नं.: १८९१४२)** कायम गर्ने गरी मिति २०८०/०६/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## बारबर्दिया नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**जयनगर, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

**प्रकाशन मिति २०८१/०१/०९**

यस कार्यालयबाट मिति २०८०।११।२० गते प्रकाशित सूचना अनुसारका तपशिलको कार्यमा तपशिलका बोलपत्रदाताको प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई खरिद सम्झौता प्रकृया अगाडि बढाउने कार्यालयको निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | कार्य | स्वीकृत बोलपत्रदाताको नाम र ठेगाना | कबोल अङ्क भ्याट र PS itam समेत | कैफियत |
|---|---|---|---|---|---|
| १. | 26/BMO/ NCB/W/2080-81, | कालिराम चौधरीको घरदेखि कुसुम्बा वैदी जोड्ने सडक स्तरोन्नती | निशा कन्स्ट्रक्शन, मधुवन - ७, बर्दिया | २२,३९,१३७।२० | |
| २. | 27/BMO/ NCB/W/2080-81, | जोगनपुर देखि सोनपुर जोड्ने सडक स्तरोन्नती | | २१,८३,३०४।४० | |
| ३. | 28/BMO/ NCB/W/2080-81 | बारबर्दिया न पा २ नं. वडा कार्यालय भवन निर्माण | डि. आर. निर्माण सेवा, बैजनाथ - ४, बाँके | ५४,२९,८५६।२५ | |
| ४. | 29/BMO/ NCB/W/2080-81 | बारबर्दिया न पा ७ नं. वडा कार्यालय भवन निर्माण | दिप निर्माण सेवा, गुलरिया - ४, बर्दिया | ५३,५१,१२२।१५ | |
| ५. | 30/BMO/ NCB/W/2080-81 | बारबर्दिया न पा ८ नं. वडा कार्यालय भवन निर्माण | | ५३,५१,१२२।१५ | |
| ६. | 31/BMO/ NCB/W/2080-81 | बारबर्दिया न पा ९ नं. वडा कार्यालय भवन निर्माण | | ५३,५१,१२२।१५ | |
| ७. | 31/BMO/ NCB/W/2080-81 | बारबर्दिया न पा ११ नं. वडा कार्यालय भवन निर्माण | | ५३,५१,१२२।१५ | |

**प्रमुख प्रशासकीय अधिकृत**

## साउदीमा रोजगारको अवसर

कम्पनी: SAUDI NATIONAL CORPORATION LIMITED
शहर: DAMMAM

पुर्व स्वीकृत मिति: २०८०/०२/३१ चलानी नं.: ६०२०३१७१ L.T. No.: 287855 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 30 | 0 | स. काममा दक्ष | 1800 | ६३,९३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ बैशाख १६ गते (28 April 2024) हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AL NASEER OVERSEAS PVT. LTD.
Gov. Lic No. 141/055/056
Sinamangal-9,kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 4489867, 4466772, 4466771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com

## SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAHD SALEH FAHD AL-KHALIFA CAR SERVICES EST शहर : RIYADH
पूर्व स्वीकृत मिति:२०८१/०१/०७ चलानी नं: ६०२१८४०० L.T. No.: 303567

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Lubricant And Vehicle Oil | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख १८ गते (30 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AL RAWASI AL ASRIAH RECRUITMENT PVT.LTD.
License No: 1658/080/081
Samakhusi, Kathmandu, Nepal. Mobile : 9816724585
Email: alrawasialasriah@gmail.com

## ओमनमा रोजगार

कम्पनी: AL SHAHER BUSINESS ENT
शहर: Oman

पुर्व स्वीकृत मिति: २०८१/०१/०६ चलानी नं.: ६०२१८३९७ L.T. No.: 303517

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner / Public Building | 0 | 20 | स. काममा दक्ष | 110 | ३८,२०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख १८ गते (30 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AVIOSUPPORT HUMAN RESOURCES PVT LTD
Govt.Lic.No 1574/079/080
Ratopool Ghaushala, Kathmandu, Tel.: 5914474.
Email: info@aviosupporthr.com, Web: www.aviosupporthr.com

## मलेसियामा रोजगार

कम्पनी : CEKAP SAGA INFRA SDN BHD
शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०८१/०१/०७ चलानी नं.: ६०२१८३९९ L.T. No.: 303534

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 140 | 0 | स. काममा दक्ष | 1500 | ४१,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ बैशाख १६ गते (28 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोन: ४४४६०४१
E-mail.: hr@manjushreeoverseas.com, Web.: www.manjushreeoverseas.com

## Invitation for Bids

# Sanibheri Rural Municipality
## Office of the Rural Municipal Executive

**Simli, Rukum West**

**Invitation for Bids No: NCB/SRM/Goods/05/2080/081**
**First Date of publication: 2081-01-09**

Sanibheri Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the under National Competitive Bidding Single Stage Single Envelope procedures For the following Goods.

| Contract Number | Description Of works | Bid Document Fee | Estimated Amount (With VAT) | Bid Security Amount | Bid Validity Period | Bid Security Validity Period | Deadline for Submission of bid | Opening Of Bid |
|---|---|---|---|---|---|---|---|---|
| NCB/SRM/Goods /05/2080/081 | Fabrication and Supply Of Steel Parts Syalagarena Truss Bridge Sanibheri R.M | Rs.3000 | Rs.1775355 | Rs. 50000 | 90 days | 120 days | 2081/02/09 12:00 hrs | 2080/02/09 13:00 hrs |

**Information to deposit the cost of bidding document Fee in Bank:**

Name of the Bank: Laxmi Sunrise Bank Ltd.
Name of Account: Sanibheri Rural Municipality
Office Code No. : 801065906
Office Account No.: 077530787703009
Rajaswa (revenue) Shirshak No. : 14229

Information to deposit the cost of Bid Security Fee in Bank:

Name of the Bank: Laxmi Sunrise Bank Ltd.
Name of Account: Dharauti A/C Sanibheri Rural Municipality
Office Account No.: 077530787703004

**Chief Administrative Officer**

# बक्स अफिस समाचार

## कतारमा खुमनसहित कमला र अस्मिताले मच्चाए तहल्का

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ८ वैशाख

स्याङ्जा सहयोग समाज कतारले आफ्नो १९औं वार्षिकोत्सवको अवसर पारेर राम्दीघाट वृद्धाश्रम सहयोगार्थ आयोजना गरेको विविध सांस्कृतिक कार्यक्रममा नेपालबाट आमन्त्रित कलाकारहरुले तहल्का मच्चाएका छन् । शुक्रबार दोहाको अल लक्तामा रहेको ट्युनिसियन स्कुलको विशाल सभा हलमा लोक तथा दोहोरी गायक खुमन अधिकारीसहित लोक तथा दोहोरी गायिका कमला गैह्रे र नृत्यंगना अस्मिता रनपालले तहल्का मच्चाएका हुन् ।



पुकार थापाले प्रस्तुति राख्दै सांस्कृतिक कार्यक्रमको ढोका उघारेसँगै गायिका गैह्रे स्टेज चढेकी थिइन् । उनले आफूलाई पहिलो पटक कतार आउने अवसर समाजले मिलाइदिएकोमा खुसी व्यक्त गर्दै आँधी खोलाको, मायाले जाम मात्रै भन्छ, माली गाइलाई बाटेको दाम्ला, डाँडा घरे साइँलीलगायतका गीतहरू गाइन् ।

रनपालको नृत्यले हलमा फरक जोस पैदा गर्‍यो भने अधिकारीले करिब दर्जनभन्दा बढी आफ्ना गीत प्रस्तुत गरे । उनले दर्शकहरूलाई नचाउन कुनै कसुर बाँकी राखेनन् । खुमनको प्रस्तुतिको पर्खाइमा बसेका दर्शक साँझसम्म पर्खेर पसिनाले निथ्रुक्क भिजेर नाचिरहेका थिए भने दर्शकहरूबाट वान्स मोर पाइरहे ।

समाजका अध्यक्ष प्रकाश परियारको सभापतित्व तथा स्याङ्जा सहयोग समाज अन्तर्राष्ट्रिय समन्वय समितिका अध्यक्ष वीरेन्द्रजंग केसीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको सांस्कृतिक कार्यक्रममा बाल कलाकार जिया हमालले स्वागत नृत्य पेस गरेकी थिइन् । कलाकारहरू जीवन खालिङ राई, निरु श्रेष्ठ, रुस्तम तामाङ, अमित राईले आफना प्रस्तुति राखेका थिए ।

कतारमा स्थापित नेपाली संघ-संस्थाका प्रमुख तथा प्रतिनिधि, सामाजिक अभियन्तालगायतको उपस्थिति रहेको कार्यक्रममा आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि केसीले स्याङ्जा अन्तर्राष्ट्रिय समिति जन्माएको ठाउँमा आएर प्रमुख अतिथिको भूमिका निर्वाह गर्न पाउँदा खुसी लागेको बताए ।

कार्यक्रमलाई सफल बनाउन विभिन्न तह र तप्काबाट सहयोग गर्नेहरूलाई धन्यवाद ज्ञापन गर्दै परियारले कार्यक्रमको बिट मारेका थिए । नेपालबाट आमन्त्रित कलाकारहरू र राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान कतारका कलाकारहरूबीचको लाइभ दोहोरीले माहोललाई दोहोरीमय बनाएको थियो ।

तमु (गुरुङ) समाज कतारले कार्यक्रमका सभापति परियारलाई फेटा (क्रेगी)द्वारा सम्मान गरेको थियो । आयोजकसहित दलित एकता सञ्जाल, परियार मित्रता समाज कतारले स्टेजमै दोसल्ला, मायाको चिनो र सम्मान पत्रले अधिकारी, रनपाल र गैह्रेलाई सम्मान गरेका थिए । समाजका वरिष्ठ उपाध्यक्ष घनश्याम जैसीले स्वागत मन्तव्य राखेको कार्यक्रममा करिब-करिब एक हजार दर्शकको उपस्थिति रहेको थियो । कार्यक्रम समाजका महासचिव टेक गैह्रे, अर्जुन पौडेल र रोशन अर्यालले मिलेर सहजीकरण गरेका थिए ।

---

## Invitation for Quotations

### Sigas Rural Muncipality
### Office of the Rural Municipal Executive

**Garje, Baitadi**
**Sudurpaschim province, Nepal**

**Date of publication: 2081/01/09(21st April, 2024)**

**Invitation for Quotations for the Okhalsaini Khelmaidan Gabion wall works**

The Sigas Rural Municipality invites sealed quotations for the Construction of Okhalsaini Khelmaidan Gabion wall works through Ebidding Process.

1. Eligible Bidders may obtain further information at our office website at sigasmun.gov.np
2. Bidders should deposit the cost of bidding document in the following account
   Name of the Bank: Agricultural Development Bank, Sigas Branch Baitadi.
   Name of Office: Sigas Rural Municipality
   Office Code no. : 80107346
   Office Account no.: 0826601983059031 (Aantarik Rajaswa khata)
   Dhaurauti khata no: 0826601983059074
   Rajaswa (revenue) Shirshak no. : 14229
   Note: (As mentioned in clause 49ka of PPR 2064 clause 49ka, add more relevant information as per required)

**Details work**

| sn | Contract no | Description of work | Estimated WITH VAT Amount (Nrs) | Bid Security Amount (Nrs) | Bid submission last date | Bid Open date and time |
|---|---|---|---|---|---|---|
| 1 | SRM/NCB/SQ/OKGW-01/2080/81 | Okhalsaini Khelmaidan Gabion wall Works | 1997618.57 | 53000.00 | 2081/1/24 (6th may, 2024) 12:00 am | 2081/1/24 (6th May, 2024) 2:00 pm |

**Chief Administrative Officer**

---

## Gramthan Rural Municipality

**Tetariya, Morang**

### Notice for the Letter of Intent

**First Date of Publication 2081-01-09**

Pursuant to Sub Clause 27.2 and 27.3 of Public Procurement Act 2063, This is to notify all the Bidders who submitted their bids for the Contract Identification No mentioned below as per the Invitation for the Bids Published in the National daily Newspaper Madhyanha Dainik that the following listed Lowest Evaluated Substantially Responsive Bidder has been selected to award the contract.

| Contract Id | Name of the Work | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price inclusive VAT/ LSPS |
|---|---|---|---|
| GramthanRural/ncb/works/10-080/81 | Ward No-1 ra 2 Bibhinna sadak kalopatre (package) | Stone Bridge Construction Private Limited Tarakeshwor-11, Kathmandu | 9823903.72 |

---

पुनः विज्ञापन

## Europe को Romania मा रोजगारको अवसर

**Andvis Imob Srl** पूर्व स्वीकृती मिति: २०७९/०३/१४ चलानी नं. ६०१८१९९३ LT.No. 266041

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cook | 04 | 00 | काममा दक्ष तथा अनुभवी | 650 | ८६,५२२।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | १ वर्ष |
| २. | Cook Helper | 09 | 00 | | 550 | ७३,२११।- | | | | | | | |
| ३. | Bakery/Pastery Maker | 02 | 00 | | 550 | ७३,२११।- | | | | | | | |
| ४. | Caregiver | 00 | 05 | | 600 | ७९,८६७।- | | | | | | | |
| ५. | General Worker | 02 | 04 | | 550 | ७३,२११।- | | | | | | | |
| ६. | Cleaner/Housemaid | 01 | 05 | | 550 | ७३,२११।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
